# सुरक्षित आप्रवासन (SaMi) कार्यक्रम (चौथो चरण)

# सञ्चालन मार्गदर्शन, २०८१

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सुरक्षित आप्रवासन (SaMi) कार्यक्रम
सिंहदरबार, काठमाडौं

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं

सहसचिव

# सुरक्षित आप्रवासन (SaMi) कार्यक्रम (चौथो चरण) सञ्चालन मार्गदर्शन, २०८१

स्वीकृत मितिः २०८१।०८।२१

<u>प्रस्तावना</u> : सूचना तथा परामर्श, न्यायमा पहुँच, मनोसामाजिक परामर्श, वित्तीय साक्षरता र सीपमूलक तालिममार्फत वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउने उद्देश्यले नेपाल सरकार र स्वीस सरकारबीच द्विपक्षीय सम्झौता बमोजिम सञ्चालन हुने सुरक्षित आप्रवासन (SaMi) कार्यक्रम (चौथो चरण) को कार्यान्वयनमा सहजता र एकरूपता कायम गर्न आवश्यक भएकोले,

द्विपक्षीय सम्झौताको बुदाँ ८.२ मा उल्लेख भएको व्यवस्था बमोजिम कार्यक्रम निर्देशक समितिले यो मार्गदर्शन स्वीकृत गरी जारी गरेको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u> : (१) यो मार्गदर्शनको नाम "सुरक्षित आप्रवासन (SaMi) कार्यक्रम (चौथो चरण) सञ्चालन मार्गदर्शन, २०८१" रहेको छ।

(२) यो मार्गदर्शन तुरून्त प्रारम्भ हुनेछ।

२. <u>परिभाषा</u> : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मार्गदर्शनमा,

(क) "आप्रवासी कामदार" भन्नाले वैदेशिक रोजगारीका लागि विदेश जाने प्रक्रियामा रहेको र श्रम स्वीकृति लिई विदेशमा काम गरिरहेको र वैदेशिक रोजगारीबाट स्वदेश फर्किएका नेपाली नागरिकलाई सम्झनु पर्छ।

(ख) "आप्रवासी स्रोत केन्द्र/उपकेन्द्र" भन्नाले आप्रवासी स्रोत केन्द्र (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७८ को दफा ७ बमोजिम स्थापना भएको केन्द्र/उपकेन्द्र सम्झनु पर्छ।

(ग) "ऐन" भन्नाले वैदेशिक रोजगार ऐन, २०६४ सम्झनु पर्छ।

(घ) "कार्यक्रम दस्तावेज" भन्नाले सुरक्षित आप्रवासन कार्यक्रम सञ्चालनका लागि नेपाल सरकार र स्वीस सरकारबीच भएको सम्झौता बमोजिम तयार गरिएको कार्यक्रम दस्तावेजलाई सम्झनु पर्छ।

(ङ) "कार्यक्रम" भन्नाले वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाउने उद्देश्यले नेपाल सरकार र स्वीस सरकारबीचको द्विपक्षीय सम्झौता बमोजिम सञ्चालन हुने सुरक्षित आप्रवासन (SaMi) कार्यक्रम सम्झनु पर्छ।

(च) "नियमावली" भन्नाले वैदेशिक रोजगार नियमावली, २०६४ सम्झनु पर्छ।

नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय सिंहदरबार, काठमाडौं

सहसचिव

(छ) "मन्त्रालय" भन्नाले नेपाल सरकार, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय सम्झनु पर्छ।

(ज) "राष्ट्रिय आप्रवासी स्रोत केन्द्र" भन्नाले आप्रवासी स्रोत केन्द्र (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७८ को दफा ३ बमोजिम स्थापना तथा सञ्चालन भएको केन्द्र सम्झनु पर्छ।

(झ) "रिटर्नी आप्रवासी कामदार" भन्नाले वैदेशिक रोजगारीबाट स्वदेश फर्किएका नेपाली नागरिकलाई सम्झनु पर्छ।

(ञ) "रिटर्नी आप्रवासी सञ्जाल" भन्नाले वैदेशिक रोजगारीबाट स्वदेश फर्किएका नेपाली नागरिक आवद्ध भई आप्रवासी कामदारको हक, हित र अधिकार संरक्षण गर्ने उद्देश्यले स्थापना भएको संस्था सम्झनु पर्छ।

(ट) "रोजगार संयोजक" भन्नाले प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा ४५ बमोजिम नियुक्त कर्मचारी सम्झनु पर्छ।

(ठ) "रोजगार सेवा केन्द्र" भन्नाले रोजगारको हक सम्बन्धी ऐन, २०७५ को दफा १० बमोजिम स्थानीय तहमा सञ्चालन भएका केन्द्र सम्झनु पर्छ।

(ड) "वैदेशिक रोजगार" भन्नाले कामदारले विदेशमा पाउने रोजगार सम्झनु पर्छ।

(ढ) "स्थानीय तह" भन्नाले गाउँपालिका र नगरपालिका सम्झनु पर्छ र सो शब्दले उपमहानगरपालिका र महानगरपालिका समेतलाई जनाउँछ।

## परिच्छेद-२

## सुरक्षित आप्रवासन (SaMi) कार्यक्रम सम्बन्धी व्यवस्था

३. **कार्यक्रमको लक्ष्य र उद्देश्य :**

लक्ष्यः नेपाली आप्रवासी कामदार र तिनका परिवारलाई राज्यको संयन्त्रबाट संरक्षण गरी सुरक्षित तथा मर्यादित कार्य वातावरणबाट लाभान्वित बनाउने लक्ष्य रहेको छ।

**उद्देश्यः** वैदेशिक रोजगारीको सबै चरणमा आप्रवासी कामदार र उनीहरूका परिवारको अवस्था सुधार गर्न संघ, प्रदेश र स्थानीय तहका सम्बन्धित निकायहरूलाई सक्षम बनाउन सहयोग गर्ने।

४. **कार्यक्रमको अपेक्षित उपलब्धि :** (१) वैदेशिक रोजगारीमा रहेका महिला तथा पुरुष आप्रवासी कामदार र उनीहरूका परिवारको वैदेशिक रोजगारीबाट सिर्जित सामाजिक लागत न्यूनीकरण भई सामाजिक-आर्थिक लाभ अभिवृद्धि भएको हुनेछ।

(२) राज्यका तीनै तह (संघ, प्रदेश र स्थानीय) का संयन्त्रहरूको सेवा प्रवाहलाई प्रभावकारी बनाई वैदेशिक रोजगारीमा रहेका कामदार र उनीहरूका परिवारको उचित संरक्षण भएको हुनेछ।

नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय सिंहदरबार, काठमाडौं

सहसचिव

५. <u>कार्यक्रमका क्रियाकलाप</u> : (१) यस कार्यक्रम अन्तर्गत देहाय बमोजिमका मुख्य क्रियाकलापहरू रहनेछन्:-

(क) सूचना तथा परामर्श।

(ख) न्यायमा पहुँच।

(ग) मनोसामाजिक परामर्श।

(घ) वित्तीय साक्षरता।

(ङ) सीपमूलक तालिम।

(२) उपदफा (१) बमोजिमको क्रियाकलापको अतिरिक्त देहाय बमोजिमका सहायक क्रियाकलापहरु रहनेछन्: -

(क) रोजगार सेवा केन्द्रको क्षमता विकास तथा सबलीकरणमा सहयोग।

(ख) राष्ट्रिय आप्रवासी स्रोत केन्द्रको सबलीकरणमा सहयोग।

(ग) वैदेशिक रोजगारीबाट स्वदेश फर्किएका व्यक्तिहरूको सञ्जालको सबलीकरणमा सहयोग।

(घ) कार्यक्रम साझेदार निकाय र सरोकारवालाहरूबीच समन्वय, सहकार्य र साझेदारी।

(ङ) कार्यक्रम अन्तर्गतका सेवाहरूको प्रभावकारी कार्यान्वयनको साथै संस्थागत विकासको लागि संघ, प्रदेश र स्थानीय तहलाई आवश्यक नीति, कार्यविधि, योजना तर्जुमा तथा कार्यान्वयनको लागि प्राविधिक सहयोग।

६. <u>कार्यक्रमको लक्षित सेवाग्राही</u> : आप्रवासी कामदार तथा उनीहरूको परिवारका सदस्य यस कार्यक्रमको मुख्य लक्षित सेवाग्राही हुनेछन्।

७. <u>कार्यक्रम सञ्चालन हुने जिल्ला तथा स्थानीय तह</u> : (१) कार्यक्रम दस्तावेजमा उल्लेख भए बमोजिम सबै प्रदेश (७), सबै जिल्ला (७७) र सहकार्य तथा लागत साझेदारी गर्ने सबै स्थानीय तहहरूमा सञ्चालन हुनेछ।

८. <u>कार्यक्रमको समयावधि</u>: नेपाल सरकार र स्वीस सरकारबीच सम्झौता भए बमोजिम सुरक्षित आप्रवासन (SaMi) कार्यक्रम (चौथो चरण) को समयावधि २०८१ मंसिर ११ देखि २०८५ आषाढ ३१ सम्म कायम हुनेछ।

## परिच्छेद- ३

## <u>कार्यक्रम सञ्चालन विधि</u>

९. <u>कार्यक्रम सञ्चालन विधि</u> : (१) संघ, प्रदेश र स्थानीय तहबीचको सहकार्य तथा लागत साझेदारीमा कार्यक्रम सञ्चालन हुनेछ।



नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय सिंहदरबार, काठमाडौं

सहसचिव

(२) मन्त्रालय, वैदेशिक रोजगार विभाग, वैदेशिक रोजगार बोर्डको सचिवालय, प्रदेश सरकारको श्रम तथा रोजगार विषयक्षेत्र हेर्ने मन्त्रालय, स्वास्थ्य विषयक्षेत्र हेर्ने मन्त्रालय र सम्बन्धित स्थानीय तहले बजेट व्यवस्थापन तथा कर्मचारी परिचालन गरी कार्यक्रम सञ्चालन गर्नु पर्नेछ। साथै, कार्यक्रमसँग सम्बन्धित सेवा विस्तार तथा सुदृढीकरणका लागि सम्बन्धित निकायले आफ्नो स्रोतबाट थप जनशक्ति परिचालन गर्न सक्नेछ।

(३) कार्यक्रमको उद्देश्य तथा लक्ष्यभित्र रही कार्यक्रम कार्यान्वयन गर्नको लागि प्रदेश सरकारको श्रम तथा रोजगार विषयक्षेत्र हेर्ने मन्त्रालय, स्वास्थ्य मन्त्रालय, स्वास्थ्य निर्देशनालय, स्थानीय तह, जिल्ला प्रशासन कार्यालय र कार्यक्रम सहयोग एकाइ लगायत अन्य कार्यक्रम कार्यान्वयन गर्ने निकायहरूबीच सहकार्य तथा सम्झौता गर्न सक्नेछ।

१०. <u>प्राविधिक सहयोग</u> : (१) संघ, प्रदेश र स्थानीय तहमा कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि स्वीस सरकार विकास सहयोग एसडीसीको तर्फबाट हेल्भेटास नेपाल अन्तर्गतको कार्यक्रम सहयोग एकाइ (Program Support Unit- PSU) ले प्राविधिक सहयोग उपलब्ध गराउनेछ।

## परिच्छेद- ४

## संरचनागत तथा संस्थागत व्यवस्था

११. <u>कार्यक्रम निर्देशक समिति **(Programme Steering Committee)**</u> : (१) कार्यक्रमले लक्षित गरेको क्रियाकलापलाई नीतिगत व्यवस्थापन र समन्वयात्मक तवरबाट सञ्चालन गर्नको लागि देहाय बमोजिमको निर्देशक समिति रहनेछ :-

| | | |
|---|---|---|
| (क) | मन्त्री, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | -अध्यक्ष |
| (ख) | सचिव, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | -सह-अध्यक्ष |
| (ग) | राजदूत (वा राजदूतले तोकेको प्रतिनिधि), स्वीटजरल्याण्ड राजदूतावास/स्वीस सरकार विकास सहयोग एसडीसी | -सदस्य |
| (घ) | सहसचिव, अर्थ मन्त्रालय | -सदस्य |
| (ङ) | सहसचिव, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | -सदस्य |
| (च) | सहसचिव, परराष्ट्र मन्त्रालय | -सदस्य |
| (छ) | सहसचिव, गृह मन्त्रालय | -सदस्य |
| (ज) | सहसचिव, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | -सदस्य |
| (झ) | सहसचिव, राष्ट्रिय योजना आयोग | -सदस्य |
| (ञ) | महानिर्देशक, वैदेशिक रोजगार विभाग | -सदस्य |
| (ट) | कार्यकारी निर्देशक, वैदेशिक रोजगार बोर्ड | -सदस्य |



नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय सिंहदरबार, काठमाडौं

सहसचिव

(ठ) कार्यकारी निर्देशक, राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान -सदस्य

(ड) प्रतिनिधि, स्वीटजरल्याण्ड राजदूतावास/स्वीस सरकार विकास सहयोग एसडीसी -सदस्य

(ढ) प्रदेश सचिव, प्रदेश सरकारको तर्फबाट श्रम तथा रोजगार कार्यक्षेत्र भएका मन्त्रालयहरु मध्येबाट (सबै प्रदेशबाट प्रतिनिधित्व हुने गरी एक पटकमा २ जना) -सदस्य

(ण) प्रमुख/अध्यक्ष, स्थानीय तहको प्रमुख (कार्यक्रम सञ्चालन भएका स्थानीय तहबाट प्रतिनिधित्व हुने गरी एक पटकमा २-जना) -सदस्य

(त) टिम लिडर, कार्यक्रम सहयोग एकाइ, SaMi कार्यक्रम -सदस्य

(थ) सहसचिव, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय -सदस्य

(२) उपदफा (१) बमोजिमको समितिको काम, कर्तव्त र अधिकार देहाय बमोजिम हुनेछ:-

(क) संघ तथा प्रदेशस्थित विषयगत तथा सम्बन्धित मन्त्रालयहरू र स्थानीय तहबीचमा कार्यक्रम कार्यान्वयनको लागि समन्वय र सहकार्य गर्ने।

(ख) गुणस्तरीय सेवा सुनिश्चतता तथा कार्यान्वयनको लागि सुझाव र नीतिगत तथा रणनैतिक सुधारका पहल तथा कार्य गर्ने।

(ग) प्रदेशको वार्षिक योजना तथा कार्यक्रमलाई समेत समावेश गरी तयार भएको समेकित वार्षिक कार्ययोजना (Yearly Plan of Operation) अनुमोदन गर्ने।

(घ) समग्र कार्यक्रमको भौतिक तथा वित्तीय आवधिक प्रतिवेदन अनुमोदन गर्ने।

(ङ) कार्यक्रम दस्तावेज तथा कार्यक्रम सहयोग एकाइ परिमार्जन गर्न नीतिगत निर्देशन र सुझाव गर्ने;

(च) कार्यक्रमको लक्ष्य तथा प्रगति सम्बन्धमा समीक्षा गर्ने र संघीय तहमा कार्यक्रम कार्यान्वयन सम्बन्धमा कुनै समस्या (नीतिगत तथा प्रशासनिक) उत्पन्न भएमा सम्बन्धित मन्त्रालय तथा निकायसँग समाधानका लागि आवश्यक समन्य र पहल गर्ने।

(छ) कार्यक्रम कार्यान्वयनको लागि आवश्यक निर्देशिका, कार्यविधि, मापदण्ड आदि स्वीकृत गर्ने।

(ज) संघस्थित अन्य विकास कार्यक्रम/सरोकारवालाहरूसँग समन्वय र सहकार्य गर्ने।

सहसचिव

नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय सिंहदरबार, काठमाडौं

(३) उपदफा (१) बमोजिम गठित निर्देशक समितिको बैठकमा आवश्यकतानुसार मन्त्रालयका पदाधिकारी, कन्सुलर सेवा विभाग, वैदेशिक रोजगारीबाट स्वदेश फर्किएका व्यक्तिका लागि पुनःएकीकरण परियोजना (ReMi), अन्तर्राष्ट्रिय श्रम संगठन (ILO) नेपाल, हेल्भेटास नेपाल लगायत अन्य सरोकारवाला निकाय तथा संस्थाका प्रमुख वा प्रतिनिधि, विषयगत विज्ञ र महिला तथा सिमान्तिकृत समुदायको प्रतिनिधित्व हुने गरी समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(४) समितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा समितिको बैठक वर्षमा कम्तीमा १ पटक वा आवश्यकता अनुसार थप बैठक बस्न सक्नेछ।

१२. **कार्यक्रम समन्वय तथा कार्यान्वयन समिति (Programme Coordination and Implementation Committee at the federal level- PCIC-F):** (१) मन्त्रालयको प्रशासन महाशाखा प्रमुखको संयोजकत्वमा देहाय बमोजिम संघीय तहमा कार्यक्रम समन्वय तथा कार्यान्वयन समिति रहनेछ :-

(क) सहसचिव, प्रशासन महाशाखा -संयोजक
(ख) प्रमुख, नीति, योजना, अनुगमन तथा मूल्याङ्कन शाखा -सदस्य
(ग) प्रमुख, वैदेशिक रोजगार व्यवस्थापन शाखा -सदस्य
(घ) निर्देशक, प्रधानमन्त्री रोजगार कार्यक्रम -सदस्य
(ङ) प्रमुख, आर्थिक प्रशासन शाखा -सदस्य
(च) निर्देशक, वैदेशिक रोजगार विभाग -सदस्य
(छ) निर्देशक, वैदेशिक रोजगार बोर्डको सचिवालय -सदस्य
(ज) प्रतिनिधि, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय -सदस्य
(झ) प्रतिनिधि, राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान -सदस्य
(ञ) प्रतिनिधि, कार्यक्रम सहयोग एकाइ, SaMi कार्यक्रम -सदस्य
(ट) शाखा अधिकृत, नीति, योजना, अनुगमन तथा मूल्याङ्कन शाखा -सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समन्वय तथा कार्यान्वयन समितिले आवश्यकता बमोजिम सरोकारवाला निकाय/संस्था र विषयगत विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिमको समन्वय तथा कार्यान्वयन समितिले देहाय बमोजिमको कार्य गर्नेछः-

(क) वार्षिक कार्ययोजना (YPO) को मस्यौदामा छलफल तथा पृष्ठपोषण गरी कार्यक्रम निर्देशक समितिमा पेश गर्ने।

(ख) स्वीकृत कार्ययोजना (YPO) बमोजिम Line Ministry Budget Information System (LMBIS) मा कार्यक्रम तथा बजेट प्रविष्ट गर्न

नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय सिंहदरबार, काठमाडौं
सहसचिव

कार्यक्रम समन्वय तथा कार्यान्वयन एकाइ (PCIU-F) लाई मार्गनिर्देश गर्ने।

(ग) कार्यक्रम कार्यान्वयन सम्बन्धी निर्देशिका, कार्यविधि, मार्गदर्शन, मापदण्ड आदि तयार गर्ने र सम्बन्धित निकायमा पठाउने।

(घ) कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि मन्त्रालय मातहतका कार्यालय, कार्यक्रम सहयोग एकाइ लगायत अन्य सरकारी निकायहरूसँग समन्वय र आवश्यक सहजीकरण गर्ने।

(ङ) मन्त्रालयको तर्फबाट कार्यक्रम अन्तर्गत सञ्चालन भएका क्रियाकलापहरूको स्थलगत अनुगमन गरी व्यवहारिक तथा नीतिगत सुधारका लागि सुझाव प्रदान गर्ने।

(च) कार्यक्रमको प्रगति प्रतिवेदन उपर समीक्षा गर्ने र आवश्यक सुझाव तथा पृष्ठपोषण गर्ने।

(छ) कार्यक्रम निर्देशक समितिको बैठकको लागि आवश्यक तयारी गर्ने।

(ज) निर्देशक समितिले तोकेका अन्य कार्यहरू गर्ने।

१३. <u>कार्यक्रम समन्वय तथा कार्यान्वयन एकाइ-संघीय तह</u> **<u>(Programme Coordination and Implementation Unit at federal level- PCIU-F)</u>** : (१) नीति, योजना, अनुगमन तथा मूल्याङ्कन शाखा प्रमुखको संयोजकत्वमा देहाय बमोजिम कार्यक्रम समन्वय तथा कार्यान्वयन एकाइ समिति रहनेछ :-

(क) प्रमुख, नीति, योजना, अनुगमन तथा मूल्याङ्कन शाखा/सम्बन्धित शाखा -संयोजक

(ख) शाखा अधिकृत, वैदेशिक रोजगार व्यवस्थापन शाखा -सदस्य

(ग) लेखा अधिकृत, आर्थिक प्रशासन शाखा -सदस्य

(घ) प्रतिनिधि, कार्यक्रम सहयोग एकाइ, SaMi कार्यक्रम -सदस्य

(ङ) शाखा अधिकृत, नीति, योजना, अनुगमन तथा मूल्याङ्कन शाखा -सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समन्वय तथा कार्यान्वयन एकाइले आवश्यकता बमोजिम सरोकारवाला निकाय/संस्था र विषयगत विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिमको समन्वय तथा कार्यान्वयन एकाइले देहाय बमोजिमको कार्य गर्नेछः-

(क) संघीय तहमा कार्यक्रम अन्तर्गत सञ्चालन हुने क्रियाकपलाहरूको प्रभावकारी कार्यान्वयनको लागि सरोकारवाला निकायहरूसँग समन्वय र सहजीकरण गर्ने।

नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय सिंहदरबार, काठमाडौं

सहसचिव

(ख) वार्षिक कार्ययोजना (YPO) बमोजिम LMBIS मा बजेट व्यवस्थापन तथा प्रविष्ट गर्नको लागि सम्बन्धित मन्त्रालय तथा निकायहरूसँग समन्वय र सहजीकरण गर्ने।

(ग) संघीय तहमा कार्यक्रम सञ्चालनका लागि विनियोजन भएको बजेट निकासा, खर्च, फछ्र्यौट, लेखा परीक्षण, लेखाङ्कन तथा प्रतिवेदनको लागि समन्वय र सहजीकरण गर्ने।

(घ) कार्यक्रम अन्तर्गत सञ्चालन भएका क्रियाकलापहरूको आवधिक रूपमा भौतिक तथा वित्तीय प्रतिवेदन तयार गर्ने।

(ङ) मन्त्रालयको तर्फबाट कार्यक्रम अन्तर्गत सञ्चालन भएका क्रियाकलापहरूको स्थलगत अनुगमन गरी व्यवहारिक तथा नीतिगत सुधारका लागि सुझाव प्रदान गर्ने।

(च) कार्यक्रम निर्देशक समितिको बैठकको लागि आवश्यक तयारी गर्ने।

(छ) कार्यक्रम समन्वय तथा कार्यान्वयन समितिले तोकेका अन्य कार्यहरू गर्ने।

१४. <u>प्रदेश कार्यक्रम समन्वय समिति (Province Programme Coordination Committee-PPCC)</u> : (१) प्रदेश तहमा कार्यक्रम सञ्चालन, समन्वय तथा अनुगमन गर्न देहाय बमोजिमको प्रदेश कार्यक्रम समन्वय समिति रहनेछः-

(क) मन्त्री, प्रदेश सरकारको श्रम तथा रोजगार विषय क्षेत्र हेर्ने मन्त्रालय -अध्यक्ष

(ख) सचिव, प्रदेश सरकारको श्रम तथा रोजगार विषयक्षेत्र हेर्ने मन्त्रालय-सह-अध्यक्ष

(ग) प्रतिनीधि, स्वीटजरल्याण्ड राजदूतावास/स्वीस सरकार विकास सहयोग एसडीसी -सदस्य

(घ) प्रतिनिधि (अधिकृतस्तर), प्रदेश सरकारको आर्थिक मामिला तथा योजना मन्त्रालय -सदस्य

(ङ) प्रतिनिधि (अधिकृतस्तर), प्रदेश सरकारको स्वास्थ्य विषयक्षेत्र हेर्ने मन्त्रालय -सदस्य

(च) प्रतिनिधि (अधिकृतस्तर), प्रदेश नीति तथा योजना आयोग -सदस्य

(छ) प्रमुख/अध्यक्ष, स्थानीय तह (प्रदेशस्थित कार्यक्रम सञ्चालन भएका स्थानीय तहबाट प्रतिनिधित्व हुने गरी एक पटकमा १ जना) -सदस्य

(ज) प्रदेश राजधानी रहेको सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारी वा निजले तोकेको पदाधिकारी -सदस्य

(झ) प्रमुख, प्रदेश सरकारको श्रम तथा रोजगार विषय क्षेत्र हेर्ने मन्त्रालयको श्रम तथा रोजगारसँग सम्बन्धित शाखा/महाशाखा सदस्य-सचिव



नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय सिंहदरबार, काठमाडौं

सहसचिव

(ञ) टिम लिडर, कार्यक्रम सहयोग एकाइ, SaMi कार्यक्रम — आमन्त्रित

(ट) प्रदेश कार्यक्रम व्यवस्थापक, प्रदेशस्थित कार्यक्रम सहयोग एकाइ, SaMi कार्यक्रम — आमन्त्रित

(२) उपदफा (१) बमोजिमको समन्वय समितिले श्रम तथा रोजगार कार्यालयको प्रतिनिधि, प्रदेशस्तरीय आप्रवासी कामदार हकहित सञ्जालका प्रतिनिधि, वैदेशिक रोजगारीबाट स्वदेश फर्किएका व्यक्तिका लागि पुनःएकीकरण परियोजना (ReMi) को प्रतिनिधि, प्रदेशस्थित कार्यक्रम सहयोग एकाइका प्रतिनिधि, कार्यक्रम अन्तर्गतका जिल्ला कार्यक्रम संयोजक लगायत अन्य सरोकारवाला निकाय/संस्था, विषयगत विज्ञ र महिला तथा सिमान्तिकृत समुदायको प्रतिनिधित्व हुने गरी आवश्यकता बमोजिम बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिमको समन्वय समितिको बैठक वर्षमा कम्तिमा १ पटक बस्नेछ। समितिले प्रदेश तहमा कार्यक्रम प्रभावकारी कार्यान्वयनको लागि रणनीतिक मार्गनिर्देश गर्नेछ। समितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बैठक बस्नेछ। बैठकको आवश्यक तयारी सदस्य-सचिवले गर्नेछ। साथै बैठक सम्बन्धी कार्यविधि समिति आफैले बनाउनेछ।

(४) उपदफा (१) बमोजिमको समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) कार्यक्रम समन्वय तथा कार्यान्वयन एकाइ (PCIU-P), स्थानीय तह र कार्यक्रम सहयोग एकाइ (PSU) लाई रणनैतिक सुझाव गर्ने।

(ख) कार्यक्रमको प्रगति तथा कार्यान्वयन अवस्थाको आधारमा रणनैतिक सुझाव गर्ने र कार्यान्वयन सम्बन्धमा प्रदेशमा कुनै समस्या उत्पन्न भएमा समाधनका लागि आवश्यक समन्वय तथा पहल गर्ने।

(ग) कार्यक्रम निर्देशक समितिले प्रदान गरेका नीतिगत सुझाव तथा सल्लाहलाई कार्यक्रम कार्यान्वयनमा प्रभावकारीरूपमा समावेश गरी लागु गर्ने।

(घ) सम्बन्धित स्थानीय तहबाट योजना तथा कार्यक्रम संकलन गरी प्रादेशिक वार्षिक योजना तयार गर्ने।

(ङ) वार्षिक कार्ययोजना (YPO) बमोजिम कार्यक्रम कार्यान्वयन, लक्ष्य तथा प्रगति समीक्षा र मुल्याङ्कन गर्ने।

(च) प्रदेशस्थित अन्य विकास कार्यक्रम/परियोजना सँग समन्वय गर्ने।

(छ) कार्यक्रमबाट प्राप्त सिकाईहरू (अवसर, चुनौति तथा राम्रा अभ्यास) अन्य निकायहरू समक्ष कार्यक्रमको सवलीकरणको लागि आदनप्रदान गर्ने।

नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय सिंहदरबार, काठमाडौं

सहसचिव

१५. <u>कार्यक्रम समन्वय तथा कार्यान्वयन एकाइ- प्रादेशिक तह</u> **<u>(Programme Coordination and Implementation Unit at Provincial Level- PCIU-P)</u> :** (१) प्रदेश सरकारको श्रम तथा रोजगार कार्यक्षेत्र भएको मन्त्रालयको सचिवको संयोजकत्वमा देहाय बमोजिम प्रदेशमा कार्यक्रम समन्वय तथा कार्यान्वयन एकाइ रहनेछ :-

(क) प्रदेश सरकारको श्रम तथा रोजगार विषयक्षेत्र हेर्ने मन्त्रालयको सचिव वा प्रदेश कार्यक्रम समन्वय समिति (PPCC) ले तोकेको पदाधिकारी -संयोजक

(ख) प्रमुख, आर्थिक प्रशासन शाखा -सदस्य

(ग) प्रतिनिधि (अधिकृतस्तर), प्रदेश सरकारको स्वास्थ्य विषयक्षेत्र हेर्ने मन्त्रालय -सदस्य

(घ) प्रदेश कार्यक्रम संयोजक, प्रदेश सरकारको श्रम तथा रोजगार कार्यक्षेत्र भएको मन्त्रालय/SaMi कार्यक्रम -सदस्य

(ङ) प्रमुख, श्रम तथा रोजगार कार्यक्षेत्र भएको महाशाखा/शाखा -सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समन्वय तथा कार्यान्वयन एकाइले आवश्यकता बमोजिम सरोकारवाला निकाय/संस्था र विषय विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिमको समन्वय तथा कार्यान्वयन एकाइले देहाय बमोजिमको कार्य गर्नेछ:-

(क) वार्षिक कार्ययोजना (YPO) बमोजिमको प्रदेश अन्तर्गतका क्रियाकलापहरू सञ्चालन गर्न आवश्यक बजेट व्यवस्थापन तथा कर्मचारी परिचालनको लागि समन्वय तथा पहल गर्ने।

(ख) वार्षिक कार्ययोजना (YPO) बमोजिम प्रदेश अन्तर्गत रहेका क्रियाकलापहरूलाई कार्यान्वयन गर्न प्रदेशस्थित सरोकारवालाहरूसँग समन्वय तथा सहजीकरण गर्नुको साथै अनुगमन तथा प्रतिवेदन तयार गर्ने।

(ग) कार्यक्रमको योजना तर्जुमा, बजेट निर्माण, कार्यान्वयन, अनुगमन, प्रगति समीक्षा र प्रतिवेदनको लागि स्थानीय तह र कार्यक्रम सहयोग एकाइसँग समन्वय गर्ने।

(घ) कार्यक्रम सहयोग एकाइसँगको समन्वयमा स्थानीय तहको क्षमता विकास तथा अभिवृद्धिमा सहयोग तथा समन्वय गर्ने।

(ङ) प्रदेशस्थित सरोकारवाला निकायहरूबीचमा श्रम तथा रोजगारको विषयवस्तुलाई व्यवस्थापन तथा कार्यक्रम अन्तर्गतका सेवाहरूलाई संस्थागत गर्न समन्वय र सहकार्य गर्ने।

(च) प्रदेश कार्यक्रम समन्वय समिति (PPCC) को सचिवालयको रूपमा कार्य गर्ने।



नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं
सहसचिव

१६. <u>कार्यक्रम कार्यान्वयन समिति (**Programme Implementation Committee- PIC**)</u> : (१) स्थानीय तहमा कार्यक्रम सञ्चालन तथा व्यवस्थापनको लागि देहाय बमोजिमको कार्यक्रम कार्यान्वयन समिति रहनेछ :-

| | | |
|---|---|---|
| (क) | प्रमुख/अध्यक्ष | -अध्यक्ष |
| (ख) | उपप्रमुख/उपाध्यक्ष | -सदस्य |
| (ग) | आप्रवासी स्रोत केन्द्र/उपकेन्द्र भएका स्थानीय तहको हकमा प्रमुख जिल्ला अधिकारी वा निजले तोकेको पदाधिकारी | -सदस्य |
| (घ) | संयोजक, सामाजिक विकास समिति | -सदस्य |
| (ङ) | प्रमुख प्रशासकीय अधिकृत | -सदस्य |
| (च) | प्रमुख, स्वास्थ्य शाखा | -सदस्य |
| (छ) | प्रमुख, योजना शाखा | -सदस्य |
| (ज) | प्रमुख, आर्थिक प्रशासन शाखा | -सदस्य |
| (झ) | प्रमुख/अध्यक्षद्वारा मनोनित रिटर्नी आप्रवासी कामदार (२ जना) | -सदस्य |
| (ञ) | रोजगार संयोजक, रोजगार सेवा केन्द्र | -सदस्य |
| (ट) | प्रमुख, श्रम तथा रोजगार विषयक्षेत्र हेर्ने शाखा/सम्बन्धित विषयगत शाखा | -सदस्य-सचिव |
| (ठ) | प्रतिनिधि, कार्यक्रम सहयोग एकाइ, SaMi कार्यक्रम | आमन्त्रित |

(२) उपदफा (१) बमोजिमको कार्यान्वयन समितिले कार्यक्रम अन्तर्गतका जिल्ला कार्यक्रम संयोजक, रिटर्नी आप्रवासी सञ्जाल लगायत अन्य सरोकारवाला निकाय/संस्था, विषयगत विज्ञ र महिला तथा सिमान्तिकृत समुदायको प्रतिनिधित्व हुने गरी आवश्यकता बमोजिम बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिमको कार्यान्वयन समितिको बैठक वर्षमा कम्तिमा १ पटक बस्नेछ; वा आवश्यकता बमोजिम थप बैठक बस्न सक्नेछ। समितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बैठक बस्नेछ। बैठक सम्बन्धी कार्यविधि समिति आफैले बनाउनेछ।

(४) उपदफा (१) बमोजिमको कार्यान्वयन समितिको काम, कर्तव्य र जिम्मेवारी देहाय बमोजिम हुनेछ :-

(क) स्थानीय तहभित्र समग्र कार्यक्रमको प्रभावकारी कार्यान्वयन तथा व्यवस्थापनको लागि समन्वय, सहकार्य, सहजीकरण र पहलकदमी गर्ने।

(ख) कार्यक्रम अन्तर्गतका क्रियाकलापहरूको प्रगति अनुगमन, मूल्याङ्कन तथा समीक्षा गर्ने।

(ग) अनुगमनबाट प्राप्त सुझाव तथा पृष्ठपोषणलाई कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि प्रयोग गर्ने तथा गराउने प्रबन्ध मिलाउने।



नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय सिंहदरबार, काठमाडौं

सहसचिव

(घ) स्थानीयस्तरमा वैदेशिक रोजगारीसँग सम्बन्धित समस्या तथा सवालहरूको विषयमा छलफल तथा परामर्श गरी स्थानीय तहको नीति निर्माण तथा योजना तर्जुमाको लागि आवश्यक पहलकदमी गर्ने।

(ङ) कार्यक्रम अन्तर्गत सम्पादन भएका क्रियाकलापहरूको भौतिक तथा वित्तीय प्रगति प्रतिवेदन तयारी, समीक्षा र सम्बन्धित निकायमा पेश गर्ने।

१७. <u>कार्यक्रम सहयोग एकाइ (**Programme Support Unit**)</u> : (१) संघ, प्रदेश र स्थानीय तहमा कार्यक्रमको गुणस्तरीयता तथा प्रभावकारी कार्यान्वयनको लागि प्रविधिक सहयोग उपलब्ध गराउन हेल्भेटास नेपाल अन्तर्गत कार्यक्रम सहयोग एकाइ (PSU) रहनेछ। यो एकाइको कार्यालय काठमाडौं उपत्यका, प्रदेशस्तर र आवश्यकता अनुसार जिल्लास्तरमा रहनेछ। प्रदेश र जिल्लास्तरमा कार्यालय रहने सम्बन्धमा प्रदेशको सम्बन्धित मन्त्रालय र स्थानीय तहसँगको समन्वयमा सोही निकायहरूमा कार्यालय स्थापना गर्न प्राथमिकता दिइनेछ।

(२) उपदफा (१) बमोजिमको कार्यक्रम सहयोग एकाइको काम, कर्तव्य र जिम्मेवारी देहाय बमोजिम हुनेछ :-

(क) कार्यक्रम अन्तर्गतको बजेट, खर्च व्यवस्थापन तथा प्रगति प्रतिवेदन संकलन तथा एकीकृत गरी सम्बन्धित निकाय/समितिमा पेश गर्ने।

(ख) कार्यक्रमको नियमित अनुगमन गरी पृष्ठपोषण प्रदान गर्ने।

(ग) कार्यक्रम अन्तर्गतका कर्मचारी तथा पदाधिकारीको क्षमता अभिवृद्धि गर्ने।

(घ) संघ, प्रदेश र स्थानीय तहमा रहेका कार्यक्रम साझेदार निकायहरूलाई वैदेशिक रोजगारी सम्बन्धी नीति र कानून निर्माण तथा परिमार्जन र क्षेत्रीय तथा अन्तर्राष्ट्रिय मञ्चहरूमा पेश गर्ने प्रतिवेदन तयारीका लागि प्राविधिक सहयोगको साथै विज्ञ परामर्श सेवा उपलब्ध गराउने।

(ङ) कार्यक्रमसँग सम्बन्धित विषयवस्तुमा अध्ययन तथा अनुसन्धान गरी प्राप्त निष्कर्ष र सुझाव सम्बन्धित निकाय समक्ष पेश गर्ने।

(च) कार्यक्रमसँग सम्बन्धित सूचना तथा जानकारीमूलक सामग्री उत्पादन र प्रशासरण गर्ने।

(छ) कार्यक्रम सञ्चालन तथा व्यवस्थापनको लागि आवश्यक सामग्री, उपकरण, मसलन्द आदि संस्थाको नियमानुसार खरिद कार्य गर्ने।

(ज) मन्त्रालय तथा कार्यक्रम निर्देशक समितिबाट प्राप्त निर्देशन तथा सुझावहरू कार्यान्वयन गर्ने गराउने।

(झ) कार्यक्रम साझेदार निकाय तथा पदाधिकारीहरूको क्षमता विकासमा सहयोग गर्ने। साथै, क्षमता विकास तालिम, अध्ययन तथा अनुभव आदान-प्रदान सम्बन्धी कार्यको व्यवस्थापन गर्ने।

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं

सहसचिव

(ञ) कार्यक्रम साझेदार निकायहरूको अनुगमन, मूल्याङ्कन र प्रतिवेदन संयन्त्रको सुदृढीकरणको लागि सहयोग गर्ने।

(ट) रिटर्नी आप्रवासी सञ्जालको क्षमता विकासमा सहयोग गर्ने।

(ठ) संघ, प्रदेश र स्थानीय तहमा कार्यक्रम अन्तर्गतका सेवा तथा क्रियाकलापहरूको प्रभावकारी कार्यान्वयनका लागि सहयोग गर्ने।

(ड) कार्यक्रम साझेदार निकायहरूलाई श्रम तथा रोजगारसम्बन्धी नीति, ऐन, नियमावली, निर्देशिका, कार्यविधि, मापदण्ड आदि तर्जुमा, परिमार्जन र कार्यान्वयन गर्न सहयोग गर्ने।

(ढ) कार्यक्रम साझेदार निकायहरूसँग समन्वय तथा परामर्श गरी वार्षिक कार्ययोजना (Yearly Plan of Operation) मस्यौदा तयार गर्न सहयोग गर्ने।

(ण) श्रम आप्रवासन तथा विद्युतीय सुशासन सुदृढीकरणको लागि सहयोग गर्ने।

(त) वैदेशिक रोजगारीसम्बन्धी सेवाहरू स्थानीय स्तरमा सहज रूपमा सेवाग्राहीले प्राप्त गर्ने गरी सेवा प्रवाह संयन्त्रको विकास, सुदृढीकरण र संस्थागत गर्नको लागि सहयोग गर्ने।

(थ) राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठानलाई वैदेशिक रोजगारी लक्षित सीप विकास सम्बन्धी तालिम पाठ्यक्रम विकास, सीप परीक्षण तथा प्रमाणीकरण, अनुगमन सम्बन्धी मापदण्ड तथा कार्यविधि निर्माणको लागि सहयोग गर्ने।

(द) राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठानको संस्थागत क्षमता विकासको साथै अन्तर्राष्ट्रिय श्रम बजारका रोजगारदाता र तालिम प्रशिक्षार्थीबीच रोजगार आवद्धता (Job Linkage) का लागि सहयोग गर्ने।

(ध) राष्ट्रिय आप्रवासी स्रोत केन्द्र, आप्रवासी स्रोत केन्द्र/उपकेन्द्र र रोजगार सेवा केन्द्रको क्षमता विकासको लागि सहयोग गर्ने।

(न) वैदेशिक रोजगारी सम्बन्धी गुनासो तथा उजुरी सुनुवाई व्यवस्थापन प्रणालीको सुदृढीकरणका लागि सहयोग गर्ने।

(३) उपदफा (१) बमोजिमको कार्यक्रम सहयोग एकाइले गुणस्तरीय मनोसामाजिक परामर्श सेवा र पारालिगल (गन्तव्य मुलुकसहित) लगायत अन्य सेवाका लागि विशेषज्ञ सेवा उपलब्ध गराउन विषयगत विज्ञता भएको संस्था वा व्यक्तिको सेवा तथा परामर्श आवश्यकता अनुसार खरिद तथा परिचालन गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिम सेवा खरिद गरिएको संस्था वा व्यक्तिको भूमिका तथा जिम्मेवारी कार्यक्रम सहयोग एकाइ र सम्बन्धित संस्था वा व्यक्तिबीचको लिखित सम्झौता बमोजिम हुनेछ।

नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय सिंहदरबार, काठमाडौं

सहसचिव

१८. <u>कार्यक्रम कार्यान्वयन गर्ने निकायहरू</u> : (१) कार्यक्रम सञ्चालन तथा व्यवस्थापनका लागि देहाय बमोजिमका निकायहरूको काम, कर्तव्य र जिम्मेवारी हुनेछ :-

(क) श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
(ख) स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
(ग) स्वीस सरकार विकास सहयोग एसडीसी
(घ) प्रदेश सरकारको श्रम तथा रोजगार विषयक्षेत्र हेर्ने मन्त्रालय
(ङ) प्रदेश सरकारको स्वास्थ्य विषयक्षेत्र हेर्ने मन्त्रालय
(च) स्थानीय तह (नगरपालिका र गाउँपालिका)
(छ) वैदेशिक रोजगार विभाग
(ज) वैदेशिक रोजगार बोर्ड
(झ) वैदेशिक रोजगार न्यायाधिकरण
(ञ) कन्सुलर सेवा विभाग
(ट) राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान
(ठ) प्रदेश स्वास्थ्य निर्देशनालय
(ड) जिल्ला प्रशासन कार्यालय
(ढ) राष्ट्रिय आप्रवासी स्रोत केन्द्र

(२) श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय :-

(क) संघ, प्रदेश र स्थानीय तहका सरोकारवाला निकायहरूबीच समन्वय र सहजीकरण गर्ने।

(ख) संघीय सरकारको तर्फबाट आवश्यक बजेटको व्यवस्था गर्ने।

(ग) प्रत्येक आप्रवासी स्रोत केन्द्र सञ्चालनका लागि १/१ जना आप्रवासी स्रोत केन्द्र परामर्शकर्ता (पाँचौ तह सरह) को तलब तथा सुविधा, फिल्ड भ्रमण खर्च र स्रोत केन्द्र सञ्चालनको लागि बजेट व्यवस्थापन गर्ने।

(घ) कार्यक्रम सञ्चालन हुने स्थानीय तहमा मनोसामाजिक परामर्श सेवा प्रवाहका लागि १ जना मनोसामाजिक परामर्शकर्ता (पाँचौ तह सरह) को ५०% तलब तथा सुविधा र सम्पूर्ण फिल्ड भ्रमणको लागि बजेट व्यवस्थापन गर्ने।

(ङ) कार्यक्रमको तेस्रो चरणमा आवद्ध १५६ स्थानीय तहमा वित्तीय साक्षरता कक्षा सञ्चालनका लागि ५ जना वित्तीय साक्षरता सहजकर्ता



नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय सिंहदरबार, काठमाडौं

सहसचिव

(पाँचौ तह सरह) को ५०% तलब तथा सुविधा र सम्पूर्ण कक्षा सञ्चालनका लागि बजेट व्यवस्थापन गर्ने।

(च) जिल्ला तहमा कार्यक्रम समन्वय तथा संयोजन गर्नका लागि आवश्यकता अनुसार १ जना जिल्ला कार्यक्रम संयोजक (छैंटौ तह सरह) को लागि बजेट व्यवस्थापन गर्ने।

(छ) कार्यक्रम सहयोग एकाइ (PSU) बाट सोझै भुक्तानीतर्फ भएको खर्चको प्रणालीमा अभिलेखीकरण गर्ने।

(ज) कार्यक्रमको वार्षिक बजेट तर्जुमा र कार्यान्वयनमा सहजीकरण गर्ने।

(झ) कार्यक्रमको नियमित अनुगमन तथा सुपरीवेक्षण गरी सुधारका लागि मार्गदर्शन गर्ने।

(ञ) कार्यक्रम कार्यान्वयन निर्देशिका, मार्गदर्शन, कार्यविधि, मापदण्ड आदि स्वीकृत गर्ने।

(३) स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय :-

(क) संघ, प्रदेश, स्थानीय तहका सरोकारवाला निकाय/संस्थाबीच समन्वय र सहजीकरण गर्ने।

(ख) कार्यक्रमको वार्षिक बजेट तर्जुमा र कार्यान्वयनमा सहजीकरण गर्ने।

(ग) मनोसामाजिक परामर्श सेवा सञ्चालनको लागि आवश्यक निर्देशिका, कार्यविधि, मापदण्ड आदि तयार तथा स्वीकृत गर्ने।

(घ) मनोसामाजिक परामर्श सेवाको नियमित अनुगमन तथा सुपरीवेक्षण गरी सुधारका लागि पृष्ठपोषण गर्ने।

(४) स्वीस सरकार विकास सहयोग एसडीसीः -

(क) कार्यक्रम दस्तावेजमा उल्लेख भए बमोजिम कार्यक्रम सञ्चालनको लागि बजेट व्यवस्थापन गर्ने।

(ख) कार्यक्रमको प्रभावकारी कार्यान्वयन तथा गुणस्तरीय सेवा प्रवाहका लागि संघ, प्रदेश र स्थानीय तहका कार्यक्रम साझेदार निकायहरूलाई कार्यक्रम सहयोग एकाइमार्फत प्राविधिक सहयोग, समन्वय तथा सहकार्य गर्ने।

(ग) संघ, प्रदेश र स्थानीय तहमा वैदेशिक रोजगारी सम्बन्धी नीतिगत तथा संस्थागत विकासका लागि सहयोग गर्ने।

(घ) वार्षिक कार्ययोजना (YPO) तयारीको लागि समन्वय र सहयोग गर्ने।

(ङ) कार्यक्रम अनुगमन, मूल्याङ्कन, तथ्याङ्क व्यवस्थापन र प्रतिवेदन प्रणाली सुदृढीकरणका लागि सहयोग गर्ने।

सहसचिव

नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय सिंहदरबार, काठमाडौं

(च) समग्र कार्याक्रमको प्रभावकारीता र श्रम आप्रवासनको विभिन्न पक्षका बारेमा अध्ययन तथा अनुसन्धान गर्ने।

(५) प्रदेश सरकारको श्रम तथा रोजगार विषयक्षेत्र हेर्ने मन्त्रालयः -

(क) कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट व्यवस्थापन गर्ने।

(ख) प्रत्येक आप्रवासी स्रोत केन्द्र सञ्चालन तथा व्यवस्थापनका लागि १/१ जना आप्रवासी स्रोत केन्द्र परामर्शकर्ता (पाँचौ तह सरह) को तलब तथा सुविधा, फिल्ड भ्रमण खर्च र सो केन्द्र सञ्चालनको लागि बजेट व्यवस्थापन गर्ने।

(ग) प्रत्येक आप्रवासी स्रोत उपकेन्द्र सञ्चालन तथा व्यवस्थापनका लागि १/१ जना आप्रवासी स्रोत केन्द्र परामर्शकर्ता (पाँचौ तह सरह) को तलव तथा सुविधा, फिल्ड भ्रमण खर्च र सो उपकेन्द्र सञ्चालनको लागि बजेट व्यवस्थापन गर्ने।

(घ) कार्यक्रम अन्तर्गत प्रत्येक प्रदेशमा १ जना प्रदेश कार्यक्रम संयोजक (अधिकृत सातौं तह सरह) को नियुक्त गरी श्रम तथा रोजगारसँग सम्बन्धित महाशाखा/शाखा मातहत परिचालन गर्ने।

(ङ) श्रम तथा रोजगारसँग सम्बन्धित महाशाखा/शाखामार्फत कार्यक्रम कार्यान्वयन, अनुगमन तथा व्यवस्थापन गर्ने।

(च) कार्यक्रम अन्तर्गतका सेवाहरू विस्तार तथा सुदृढीकरणको लागि आवश्यकता अनुसार थप बजेट व्यवस्थापन गर्न सक्ने।

(छ) वैदेशिक रोजगारीबाट फर्किएका नेपाली व्यक्तिहरूको सशक्तिकरण र पुनःएकिकरणका लागि क्षमता विकास गर्ने ।

(ज) स्थानीय तहमा नियुक्त वित्तीय साक्षरता सहजकर्ताहरूको क्षमता विकास गर्ने। साथै, आप्रवासी कामदार तथा उनीहरूका परिवारहरूलाई आधारभूत वित्तीय साक्षरता प्रदान गर्न वित्तीय साक्षरता कक्षा सञ्चालनको लागि मानव स्रोत, आवश्यक सहभागी पुस्तिका तथा प्रशिक्षण सामग्री उत्पादन तथा व्यवस्थापन र तालिम गर्न सक्ने।

(झ) वार्षिक नीति तथा कार्यक्रममा सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी कार्यक्रमहरु समावेश गरी स्थानीय तहसँगको सहकार्यमा कार्यान्वयन गर्न सक्ने।

(ञ) सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी सूचना सामग्री (महिला तथा सीमान्तकृत समुदायसहित) निर्माण, वितरण तथा सञ्चार गर्ने।

सहसचिव

नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय सिंहदरबार, काठमाडौं

(ट) कार्यक्रम अन्तर्गत सञ्चालन भएका क्रियाकलापहरूको नियमित अनुगमन गरी सुधार गर्ने र सम्बन्धित निकायलाई पृष्ठपोषण गर्ने।

(ठ) कार्यक्रम अन्तर्गत सञ्चालन भएका क्रियाकलापहरूको भौतिक तथा वित्तीय प्रतिवेदन तयार तथा अभिलेखीकरण गर्ने र सम्बन्धित निकायमा पेश गर्ने।

(६) प्रदेश सरकारको स्वास्थ्य विषयक्षेत्र हेर्ने मन्त्रालयः -

(क) मनोसामाजिक परामर्श सेवाका लागि संघ, प्रदेश, स्थानीय तहका सरोकारवाला निकायहरूबीच समन्वय र सहकार्य गर्ने।

(ख) कार्यक्रमको वार्षिक बजेट तर्जुमा र कार्यान्वयनमा सहजीकरण गर्ने।

(ग) मनोसामाजिक परामर्श सेवाको लागि आवश्यक कार्यक्रम कार्यान्वयन निर्देशिका, कार्यविधि, मापदण्ड आदि तयार गरी स्वीकृत गर्ने।

(घ) मनोसामाजिक परामर्श सेवाको नियमित अनुगमन तथा सुपरीवेक्षण गरी सुधारका लागि पृष्ठपोषण गर्ने।

(७) प्रदेश स्वास्थ्य निर्देशनालयः-

(क) मनोसामाजिक परामर्श सेवाको प्रभावकारी सञ्चालन तथा व्यवस्थापनको लागि संघ, प्रदेश स्वास्थ्य मन्त्रालय, प्रदेश स्वास्थ्य तालिम केन्द्र, स्थानीय तह र अन्य सरोकारवालाहरूसँग समन्वय, सहकार्य र सहजीकरण गर्ने।

(ख) कार्यक्रम अन्तर्गतका मनोविद् (अधिकृत सातौं तह सरह) नियुक्त गरी सम्बन्धित शाखा मातहत परिचालन गर्ने।

(ग) स्थानीय तहमा कार्यरत मनोसामाजिक कार्यकर्ताहरूको क्षमता विकासको लागि राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रको तालिम मोड्युल अनुसार ६ महिने मनोसामाजिक परामर्श तालिम सञ्चालनका लागि राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र, प्रदेश स्वास्थ्य तालिम केन्द्र, स्थानीय तह तथा विषयगत विज्ञ संस्थासँग समन्वय गरी तालिम सञ्चालन गर्ने।

(घ) मनोसामाजिक परामर्श सेवाका लागि आवश्यक कार्यक्रम कार्यान्वयन निर्देशिका, कार्यविधि, मापदण्ड आदि तयार गर्ने।

(ङ) मनोसामाजिक परामर्श सेवाको नियमित अनुगमन तथा सुपरीवेक्षण गर्ने।

नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय सिंहदरबार, काठमाडौं सहसचिव

(८) स्थानीय तहः -

(क) कार्यक्रम सञ्चालन तथा व्यवस्थापनको लागि आवश्यक बजेट तथा कर्मचारी व्यवस्थापन तथा परिचालन गर्ने।

(ख) समुदायस्तरमा वैदेशिक रोजगारी सम्बन्धी सूचना तथा सेवा प्रवाहको लागि कम्तिमा २ जना रिटर्नी स्वयंसेवकको निर्वाह भत्ता तथा फिल्ड भ्रमण खर्च बापतको बजेट व्यवस्थापन गर्ने। स्थानीय तहले आवश्यकता अनुसार रिटर्नी स्वयंसेवकको संख्या थप गरी परिचालन गर्न सक्ने।

(ग) मनोसामाजिक परामर्श सेवाका लागि १ जना मनोसामाजिक परामर्शकर्ता (पाँचौ तह सरह) को ५०% तलब तथा सुविधा बापतको बजेट व्यवस्थापन तथा नियुक्त गरी स्वास्थ्य शाखा मातहत परिचालन गर्ने।

(घ) कार्यक्रमको तेस्रो चरणमा आबद्ध १५६ स्थानीय तहमा वित्तीय साक्षरता कक्षा सञ्चालनका लागि १ जना वित्तीय साक्षरता सहजकर्ता (पाँचौ तह सरह) को ५०% तलब तथा सुविधा बापतको बजेट व्यवस्थापन तथा नियुक्त गरी सम्बन्धित शाखा मातहत परिचालन गर्ने।

(ङ) वित्तीय साक्षरता कक्षा सञ्चालनको लागि आवश्यक सहभागी पुस्तिका तथा प्रशिक्षण सामग्री व्यवस्थापन गर्ने।

(च) वित्तीय साक्षरतालाई प्रसार गर्न स्थानीय स्तरमा रहेका बैंक तथा वित्तीय संघसंस्था, बचत तथा ऋण सहकारी र अन्य निकायहरूसँग साझेदारी वा समन्वय गर्न सक्नेछ।

(छ) कार्यक्रम अन्तर्गतका सेवाहरू विस्तार तथा सुदृढीकरणका लागि थप बजेट व्यवस्थापन गर्न सक्नेछ।

(ज) कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि सरोकारवाला तथा कार्यक्रम साझेदार निकायहरूसँग समन्वय र सहकार्य गर्ने।

(झ) कार्यक्रम अन्तर्गतका सेवाहरूलाई संस्थागत गर्नका लागि दिगो संरचनागत तथा नीतिगत विकासका लागि आवश्यक कार्य गर्ने।

(ञ) कार्यक्रम अन्तर्गतको बजेट प्रचलित कानून बमोजिम खर्च व्यवस्थापन, लेखा परीक्षण र प्रतिवेदन गर्ने।

(ट) कार्यक्रमको भौतिक तथा वित्तीय प्रगति प्रतिवेदन तयार गरी सम्बन्धित निकायमा पेश गर्ने।

महसचिव

(ठ) आप्रवासी स्रोत केन्द्र र उपकेन्द्रलाई वैदेशिक रोजगार बोर्डको सचिवालय तथा राष्ट्रिय आप्रवासी स्रोत केन्द्रमा सूचीकृत गर्ने।

(ड) वार्षिक तथा आवधिक योजना र कार्यक्रममा सुरक्षित वैदेशिक रोजगारी तथा कार्यक्रम अन्तर्गतका सेवाहरूलाई समावेश गर्ने। साथै, अन्तर्गतका सेवाहरूको विस्तार तथा सुदृढीकरणका लागि प्रदेश सरकार एवम् अन्य निकायहरूसँग समन्वय, सहकार्य र साझेदारी गर्ने।

(ढ) सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी सूचना सामग्री (महिला तथा सीमान्तकृत समुदाय सहित) निर्माण, वितरण तथा सञ्चार गर्ने।

(ण) "स्थानीय सरकार सञ्चालन ऐन, २०७४" तथा "एकीकृत श्रम रोजगार (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८०" ले व्यवस्था गरेका वैदेशिक रोजगार सम्बन्धी विषयहरूको कार्यान्वयन गर्ने।

(९) वैदेशिक रोजगार विभागः -

(क) वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली (Foreign Employment Information Management System- FEIMS) लाई अद्यावधिक तथा स्तरोन्नति गरी प्रदेश तथा स्थानीय तहसम्म विस्तार र तथ्याङ्कमा पहुँच सुनिश्चत गर्ने।

(ख) उजुरी तथा गुनासो व्यवस्थापनलाई थप सहज तथा प्रभावकारी बनाई सेवालाई विकेन्द्रित गर्ने।

(ग) वैदेशिक रोजगारीका समस्या तथा उजुरीको मेलमिलाप तथा सिफारिस सम्बन्धमा जिल्ला प्रशासन कार्यालयसहित सम्बन्धित निकायहरूको क्षमता विकासका लागि समन्वय तथा सहजीकरण गर्ने।

(घ) कार्यक्रम अन्तर्गत १ जना कानूनी सहायता अधिकृत (सातौं तह सरह) र २ जना कानूनी सहायता अधिकृत (छैटौं तह सरह) नियुक्त गर्ने र सो मध्ये १ जना कानूनी सहायता अधिकृत (छैटौं तह सरह) लाई आवश्यकता अनुसार वैदेशिक रोजगार न्यायाधिकरणमा परिचालन गर्ने।

(ङ) वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली (FEIMS) मा अनलाइन उजुरी व्यवस्थापन संयन्त्रको स्तरोन्नती र जिल्ला प्रशासन कार्यालयसम्म विस्तार गर्नका लागि १ जना सूचना प्रविधि विज्ञ नियुक्त गरी परिचालन गर्ने।

(च) वैदेशिक रोजगारी सम्बन्धी उजुरीको विद्युतीय अभिलेखीकरण गरी अद्यावधिक गर्न १ जना कर्मचारी नियुक्त गरी परिचालन गर्ने।



नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय सिंहदरबार, काठमाडौं
सहसचिव

(छ) कार्यक्रम अन्तर्गत नियुक्त हुने कर्मचारीहरूलाई सम्बन्धित शाखा मातहत रहने व्यवस्था मिलाउने र नियमित अनुगमन गरी पृष्ठपोषण गर्ने।

(ज) वैदेशिक रोजगारीको क्षेत्रमा न्याय सम्पादन गर्ने सम्बन्धित निकायका अधिकृतस्तरका कर्मचारीका लागि क्षमता विकास तालिम सञ्चालन गर्ने।

(झ) वैदेशिक रोजगारीको क्षेत्रमा न्याय सम्बन्धी सेवा प्रवाह गर्ने निकायहरूबीच आवधिक रूपमा समन्वय बैठक आयोजना गर्ने।

(ञ) कार्यक्रम कार्यान्वयनबाट प्राप्त सिकाईहरुको आधारमा नीतिगत सुधारका लागि आवश्यक पहल गर्ने।

(१०) वैदेशिक रोजगार बोर्डः -

(क) आप्रवासी स्रोत केन्द्र/उपकेन्द्रहरूलाई "आप्रवासी स्रोत केन्द्र (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७८" मार्गदर्शन बमोजिम राष्ट्रिय आप्रवासी स्रोत केन्द्रमार्फत आवश्यक सूचना सामग्री, प्रशिक्षण, मार्गदर्शन तथा आवश्यक निर्देशिका, कार्यविधि र मापदण्ड उपलब्ध गराउने।

(ख) आप्रवासी स्रोत केन्द्र/उपकेन्द्रहरूको नियमित अनुगमन, सूचीकरण, नवीकरण र सूची अद्यावधिक गर्ने।

(ग) सामी कार्यक्रमको लागि सम्पर्क व्यक्ति तोकी जिम्मेवारी प्रदान गर्ने।

(घ) कार्यक्रमको विस्तार तथा परिमार्जित कार्यान्वयन ढाँचा अनुरूप सेवा प्रवाहको गुणस्तरीयता, निरन्तरता र दिगोपनको लागि सातै प्रदेशमा कम्तिमा १/१ जना कार्यक्रम अधिकृतको नियुक्ति, परिचालन तथा व्यवस्थापन गर्ने।

(ङ) गन्तव्य मुलुकमा विभिन्न समस्यामा परेका नेपाली कामदारहरूको सहयोग तथा समाधानका लागि समन्वय, सहयोग र सहजीकरण गर्ने।

(च) आप्रवासी स्रोत केन्द्र/उपकेन्द्रबाट प्राप्त हुने समस्या समाधानका लागि वैदेशिक रोजगार बोर्ड र कन्सुलर सेवा विभागमा कम्तिमा १/१ जना उद्दार तथा स्वदेश फिर्ती सहायता अधिकृत (Rescue and Repatriation Officer) नियुक्ति तथा परिचालन गर्ने।

(छ) आप्रवासी स्रोत केन्द्र/उपकेन्द्रहरूको स्तरोन्नती र कर्मचारीको क्षमता अभिवृद्धि गर्न बजेट व्यवस्थापन गरी नियमित रूपमा क्षमता विकास सम्बन्धी तालिम/कार्यशाला सञ्चालन गर्ने।



नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय सिंहदरबार, काठमाडौं

सहसचिव

(ञ) आप्रवासी स्रोत केन्द्र/उपकेन्द्र, रिटर्नी स्वयंसेवक र रोजगार सेवा केन्द्रमार्फत सेवाग्राहीलाई उपलब्ध गराइने सूचना सामग्री छपाई तथा वितरण गर्ने।

(झ) वैदेशिक रोजगारी सम्बन्धी सूचना तथा जानकारी (महिला तथा सीमान्तकृत समुदाय लक्षित संवेदनशील सूचना सहित) सञ्चार गर्ने।

(ञ) आप्रवासी स्रोत केन्द्र/उपकेन्द्रलाई आवश्यक उपकरण तथा सामग्री उपलब्ध गराउने।

(ट) वित्तीय साक्षरतासम्बन्धी पाठ्यसामग्री विकास तथा छपाई गरी वितरण गर्ने।

(ठ) कार्यक्रम अन्तर्गतका क्रियाकलापहरूको प्रभावकारी कार्यान्वयनका लागि कार्यक्रम सहयोग एकाइसँग समन्वय, सहकार्य र सहजीकरण गर्ने।

(११) वैदेशिक रोजगार न्यायाधिकरण :-

(क) वैदेशिक रोजगार विभागले नियुक्त गरी पठाएका १ जना कानूनी सहायता अधिकृत (छैटौं तह सरह) लाई कार्यकक्ष उपलब्ध गराई निःशुल्क कानूनी सहायताको लागि परिचालन गर्ने।

(ख) कानूनी सहायता अधिकृत (छैटौं तह सरह) ले सम्पादन गरेका कार्यहरूको नियमित अनुगमन गरी पृष्ठपोषण प्रदान गर्ने।

(१२) कन्सुलर सेवा विभाग :-

(क) वैदेशिक रोजगार बोर्डले नियुक्त गरी पठाएका १ जना उद्दार तथा स्वदेश फिर्ती सहायता अधिकृत (Rescue and Repatriation Officer) (छैटौं तह सरह) लाई कार्यकक्ष उपलब्ध गराई राहत तथा उद्दारका लागि कानूनी शाखा वा सम्बन्धित शाखा मातहत परिचालन गर्ने।

(ख) उद्दार तथा स्वदेश फिर्ती सहायता अधिकृत (Rescue and Repatriation Officer) (छैटौं तह सरह) ले सम्पादन गरेका कार्यहरूको नियमित अनुगमन गरी पृष्ठपोषण प्रदान गर्ने।

(ग) कन्सुलर सेवा विभागको अनलाईन कानूनी सेवालाई जिल्ला प्रशासन कार्यालयको साथै स्थानीय तहसम्म विस्तार गर्ने।

(घ) गन्तव्य मुलुकमा समस्यामा परेका व्यक्तिहरूलाई प्रदान गरिने कानूनी सेवा सम्बन्धमा आप्रवासी स्रोत केन्द्रसहित सम्बन्धित निकायहरूको क्षमता विकासको लागि सहयोग तथा सहजीकरण गर्ने।



सहसचिव

नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय सिंहदरबार, काठमाडौं

(ङ) कार्यक्रम सहयोग एकाइले सेवा खरिद गरी परिचालन गरेको विषयगत बिज्ञ संस्थालाई

(च) गन्तव्य मुलुकमा समस्यामा परेका नेपाली आप्रवासी कामदारूको सहयोग तथा उद्दारका लागि समन्वय तथा सहयोग गर्ने।

(१३) राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठानः-

(क) वैदेशिक रोजगारीमा जान चाहने व्यक्तिहरूलाई लक्षित गरी विद्यमान पाठ्यक्रममा समसामयिक परिमार्जन तथा नयाँ पाठ्यक्रम विकास गरी सीप तालिम सञ्चालन गर्ने गराउने।

(ख) वैदेशिक रोजगार लक्षित सीप विकास तालिमको गुणस्तर सुनिश्चतताको लागि सीप विकास तालिम सञ्चालन निर्देशिका तथा मापदण्ड तयार गरी कार्यान्वयन गर्ने गराउने।

(ग) वैदेशिक रोजगारी लक्षित तालिम सञ्चालन पश्चात राष्ट्रियस्तरमा सीप परीक्षण तथा प्रमाणीकरणको लागि आवश्यक व्यवस्था गर्ने गराउने।

(घ) सीप विकास तालिम पाठ्यक्रम विकास सहजकर्ता र सीप तालिम मूल्याङ्कनकर्ताको क्षमता अभिवृद्धि तथा स्तरोन्नती सम्बन्धी तालिम सञ्चालन गर्ने गराउने।

(ङ) सीप विकास तालिमको नियमित अनुगमन तथा मूल्याङ्कन गर्ने गराउने।

(च) सीप विकास तालिमको प्रभावकारीता तथा गुणस्तरीयता सम्बन्धमा अध्ययन तथा अनुसन्धान गर्ने।

(छ) सीप विकास तालिम सम्बन्धी सूचना तथा तथ्याङ्क प्रणाली विकास गरी अद्यावधिक गर्ने।

(१४) जिल्ला/इलाका प्रशासन कार्यालय :-

(क) जिल्ला/इलाका प्रशासन कार्यालयको हाताभित्र आप्रवासी स्रोत केन्द्र/उपकेन्द्र स्थापना तथा सञ्चालनका लागि उपर्युक्त स्थान तथा कार्यावातारण उपलब्ध गराउने।

(ख) वैदेशिक रोजगारी सम्बन्धी ठगीका समस्या तथा उजुरीहरूमा मेलमिलाप तथा सम्बन्धित निकायमा सिफारिस गर्ने।

नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय सिंहदरबार, काठमाडौं

सहसचिव

(ग) वैदेशिक रोजगारी सम्बन्धी समस्या तथा उजुरीहरूको मेलमिलाप तथा सिफारिसका सम्बन्धमा सरोकारवालाहरूबीच समन्वय तथा सहजीकरण गर्ने।

(घ) आप्रवासी स्रोत केन्द्र/उपकेन्द्रको सेवा प्रवाहको अनुगमन गरी पृष्ठपोषण गर्ने।

(१५) राष्ट्रिय आप्रवासी स्रोत केन्द्र/उपकेन्द्र :-

(क) आप्रवासी स्रोत केन्द्र/उपकेन्द्रको सूचीकरण तथा नवीकरणको लागि आवश्यक कार्य गरी नियमित रूपमा अद्यावधिक गर्ने।

(ख) वैदेशिक रोजगारी सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका नीतिगत विषयवस्तु तथा घटनाक्रमहरूको बारेमा आप्रवासी स्रोत केन्द्र/उपकेन्द्रलाई अद्यावधिक गराउने।

(ग) आप्रवासी स्रोत केन्द्र/उपकेन्द्रले प्रदान गर्ने सूचना तथा सेवाको गुणस्तरीयता, विश्वसनीयता तथा एकरूपता कायम गर्न सहयोग गर्ने।

(घ) आप्रवासी स्रोत केन्द्र/उपकेन्द्रमा कार्यरत कर्मचारीहरूको क्षमता विकास गर्ने।

(ङ) आप्रवासी स्रोत केन्द्र/उपकेन्द्र र रोजगार सेवा केन्द्रलाई लक्षित गरी सूचना तथा शैक्षिक सामग्री छपाई तथा वितरण गर्ने।

(च) आप्रवासी स्रोत केन्द्र (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७८ ले मार्गनिर्देश गरे बमोजिमका कार्यहरू गर्ने।

(१६) रोजगार सेवा केन्द्र :-

(क) एकीकृत श्रम तथा रोजगार (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८० बमोजिम सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी सूचना तथा सेवाहरु प्रवाह गर्ने।

(ख) सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी समुदाय अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने।

(ग) वैदेशिक रोजगारीसँग सम्बन्धी थप सूचना तथा परामर्श र सेवाहरूको लागि आप्रवासी स्रोत केन्द्र/उपकेन्द्रमा सिफारिस गर्ने।

(घ) गन्तव्य मुलुकमा समस्यामा परेका नेपाली कामदारहरूको खोजी, उद्धार तथा राहत लगायतका कार्यमा सहयोग तथा सहजीकरणका लागि

सहसचिव

नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय सिंहदरबार, काठमाडौं

वैदेशिक रोजगार बोर्ड, कन्सुलर सेवा विभाग तथा अन्य सम्बन्धित निकायहरूसँग समन्वय र सहजीकरण गर्ने।

(ङ) वैदेशिक रोजगार बोर्डबाट प्रदान गरिने आर्थिक सहायता लगायतको सेवा प्रवाहमा सहजीकरण गर्ने ।

(च) कार्यक्रम अन्तर्गतका क्रियाकलापहरू प्रभावकारी रूपमा सञ्चालन गर्न रोजगार सेवा केन्द्रले आप्रवासी स्रोत केन्द्र/उपकेन्द्रका साथै सम्बन्धित निकायसँग समन्वय, सहकार्य र सहजीकरण गर्ने।

(छ) श्रम तथा रोजगार क्षेत्रमा आवश्यक नीति, निर्देशिका, वार्षिक कार्यक्रम तथा बजेट तयार गर्न आवश्यक पहल तथा सहयोग गर्ने।

१९. <u>रिटर्नी आप्रवासी सञ्जाल</u> : (१) वैदेशिक रोजगारीमा रहेका कामदारका परिवारका सदस्य तथा वैदेशिक रोजगारीबाट स्वदेश फर्केका व्यक्तिहरूको सञ्जाल गठन तथा सबलीकरणमा सहयोग गर्नेछ।

(२) सञ्जालले वैदेशिक रोजगारी सम्बन्धी तथ्याङ्क संकलन, व्यवस्थापन, सूचना प्रवाह, आय आर्जनका क्रियाकलाप सञ्चालन, ठगी न्यूनीकरण, कामदार तथा परिवारका सदस्यहरूको हकहित, नीति, योजना तथा कार्यक्रम बनाउनमा पृष्ठपोषण र रचनात्मक सहयोग लगायतका कार्यमा स्थानीय तह, प्रदेश सरकार र अन्य सम्बन्धित निकायहरूसँग समन्वय तथा सहयोग गर्नेछ।

## परिच्छेद-५

## कार्यक्रमका मुख्य क्रियाकलाप

२०. <u>सूचना तथा परामर्श</u> : (१) सुरिक्षित वैदेशिक रोजगारी सम्बन्धी सूचना तथा परामर्श सेवा प्रदान, समस्यामा परेका आप्रवासी कामदार तथा उनीहरूका परिवारका सदस्यलाई सहयोग गर्न देहाय बमोजिमका क्रियाकपालहरू सञ्चालन गरिनेछ।

(२) <u>आप्रवासी स्रोत केन्द्र/उपकेन्द्र स्थापना तथा सञ्चालन</u> : वैदेशिक रोजगारीसँग सम्बन्धित सूचना तथा परामर्श सेवा प्रदान गर्न, ठगी न्यूनीकरण तथा समस्या समाधनका लागि समन्वय र सहजीकरण गर्न देहाय बमोजिम आप्रवासी स्रोत केन्द्र/उपकेन्द्र स्थापना तथा सञ्चालन गरिनेछ :-

(क) आप्रवासी स्रोत केन्द्र जिल्ला प्रशासन कार्यालयको हाताभित्र र उपकेन्द्र ईलाका प्रशासन कार्यालयको हाताभित्र रहनेछ।

(ख) मन्त्रालय र प्रदेश सरकारको श्रम तथा रोजगार विषयक्षेत्र हेर्ने मन्त्रालयले आप्रवासी स्रोत केन्द्र/उपकेन्द्र सञ्चालन तथा व्यवस्थापनका लागि आवश्यक बजेट विनियोजन गर्नेछ।



नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय सिंहदरबार, काठमाडौं

सहसचिव

(ग) स्थानीय तहले आप्रवासी स्रोत केन्द्र/उपकेन्द्र सञ्चालन तथा व्यवस्थापनका लागि थप बजेट विनियोजन गर्न सक्नेछ।

(घ) उपदफा (१) बमोजिम आप्रवासी स्रोत केन्द्र/उपकेन्द्र सञ्चालनका लागि आधारभूत पूर्वाधार अनुसूची-१ बमोजिम हुनेछ।

(३) उपदफा (१) बमोजिमको आप्रवासी स्रोत केन्द्र/उपकेन्द्रले देहाय बमोजिमका कार्यहरू गर्नेछः-

(क) सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी सूचना तथा परामर्श सेवा प्रदान गर्ने।

(ख) वैदेशिक रोजगारीको क्रममा ठगी तथा समस्यामा परेका व्यक्ति तथा उनीहरूका परिवारहरुलाई कानूनी सहायताका लागि सहयोग र सहजीकरण गर्ने।

(ग) वैदेशिक रोजगारीको क्रममा नेपाली कामदार गन्तव्य मुलुकमा समस्यामा परी स्वदेश फिर्ती, स्वास्थ्य उपचार, शव फिर्ती, आर्थिक सहायता तथा कल्याणकारी सेवाका लागि स्थानीय तह, वैदेशिक रोजगार बोर्ड, कन्सुलर सेवा विभाग र गन्तव्य मुलुकस्थित नेपाली दुतावासमा समन्वय र सहजीकरण गर्ने।

(घ) सामाजिक सुरक्षा कोषको योजना तथा सेवा सुविधा सम्बन्धी सूचना प्रवाह र कोषबाट उक्त सेवाहरू प्राप्त गर्न समन्वय र सहजीकरण गर्ने।

(ङ) रोजगार सेवा केन्द्र र प्रदेशको रोजगार सूचना केन्द्रसँग सूचना तथा अनुभव आदान-प्रदान, समन्वय र सहकार्य गर्ने।

(च) गुणस्तरीय सेवा प्रवाहको लागि राष्ट्रिय आप्रवासी स्रोत केन्द्रसँग समन्वय र सहकार्य गर्ने।

(छ) सीप तालिमको लागि जानकारी दिने र राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान लगायत अन्य सम्बन्धित निकाय तथा तालिम केन्द्रमा सिफारिस गर्ने।

(ज) समुदायस्तरमा कार्यरत कर्मचारी तथा रिटर्नी स्वयंसेवकहरूलाई अद्यावधिक सूचना तथा जानकारी उपलब्ध गराउने र उनीहरुको क्षमता अभिवृद्धिमा सहजीकरण गर्ने।

(झ) आप्रवासी स्रोत केन्द्र/उपकेन्द्रमार्फत प्रवाह भएका सेवाहरूको विवरण अभिलेखीकरण र अद्यावधिक गर्ने।

सहसचिव

नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय सिंहदरबार, काठमाडौं

(ञ) वैदेशिक रोजगारीबाट स्वदेश फर्किएका व्यक्तिलाई सामाजिक तथा आर्थिक पुनःएकीकरण सम्बन्धी सूचना तथा सेवा प्रदान गर्ने।

(४) समुदाय अभिमुखीकरण कार्यक्रम : उल्लेख्य संख्यामा वैदेशिक रोजगारीमा गएको स्थान, वैदेशिक रोजगारीको प्रक्रियामा रहेका व्यक्तिहरू, महिला तथा सीमान्तकृत समुदाय, विद्यार्थी र स्थानीय समूहलाई लक्षित गरी वैदेशिक रोजगारीका विविध पक्षमा सचेतनामूलक अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ। साथै, त्यस्ता कार्यक्रम सञ्चालन गर्नका लागि कार्यक्रम सहयोग एकाइले समुदाय अभिमुखीकरण कार्यक्रम सञ्चालन मार्गदर्शन उपलब्ध गराई आवश्यक समन्वय र सहजीकरण गर्नेछ।

(५) रिटर्नी स्वयंसेवक परिचालन : (१) वैदेशिक रोजगारीबाट स्वदेश फर्केका कम्तिमा २ जना व्यक्तिहरूलाई रिटर्नी स्वयंसेवकको रूपमा स्थानीय तहले नियुक्त गरी रोजगार सेवा केन्द्र मातहत परिचालन गर्नेछ। उक्त रिटर्नी स्वयंसेवकले देहाय बमोजिमका कार्यहरू गर्नेछ :-

(क) वैदेशिक रोजगारीमा जान चाहने व्यक्ति तथा उनीहरूका परिवारलाई सूचना प्रवाहका साथै समुदायस्तरमा वैदेशिक रोजगारी सम्बन्धी आवश्यक सूचना तथा सेवाका साथै समस्या पहिचान गरी आप्रवासी स्रोत केन्द्र, रोजगार सेवा केन्द्र लगायत सम्बन्धित निकायहरूमा सिफारिस र सहजीकरण गर्नेछ।

(ख) रिटर्नी स्वयंसेवकले समुदायस्तरमा आयोजना गरिने क्रियाकलापका लागि समन्वय र सहजीकरण गर्नेछ।

(ग) रिटर्नी स्वयंसेवकले कार्यसम्पादन प्रगति प्रतिवेदन नियमित रूपमा रोजगार सेवा केन्द्र तथा सम्बन्धित निकायलाई पेश गर्ने।

(घ) सम्बन्धित स्थानीय तहले २ जनाभन्दा बढी रिटर्नी स्वयंसेवक नियुक्त गरी कार्यक्रम विस्तारका लागि परिचालन गर्न सक्नेछ।

२१. मनोसामाजिक परामर्श : (१) वैदेशिक रोजगारीका कारणले मनोसामाजिक तथा मानसिक समस्या भोगिरहेका व्यक्ति र उनीहरूका परिवार तथा समुदायलाई लक्षित गरी मनोसामाजिक परामर्श सेवा उपलब्ध गराइनेछ।

(२) वैदेशिक रोजगारीमा गएका व्यक्तिको घर-परिवारका सदस्य (विशेष गरी महिला तथा सीमान्तकृत समुदाय) लक्षित वित्तीय साक्षरता कक्षाका सहभागीलाई सामूहिक रूपमा मनोसामाजिक परामर्श सेवा उपलब्ध गराइनेछ।

(३) उपदफा (१) बमोजिम मनोसामाजिक परामर्श सेवा प्रदान गर्दा अपनाउनुपर्ने आधारभूत विषयहरू जस्तैः उपर्युक्त स्थान, गोपनीयता र विश्वसनीयता कायम गरिनेछ।

नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय सिंहदरबार, काठमाडौं

सहसचिव

(४) उपदफा (१) बमोजिम मनोसामाजिक परामर्श सेवा प्रवाह गर्नका लागि सम्बन्धित स्थानीय तहले कम्तिमा १ जना मनोसामाजिक परामर्शकर्ता नियुक्त गरी स्वास्थ्य शाखा मातहत परिचालन गर्नेछ। साथै, स्थानीय तहले आवश्यकता अनुसार परामर्शकर्ता छनौट प्रक्रियाको लागि प्रदेश स्वास्थ्य निर्देशनालय तथा कार्यक्रम सहयोग एकाइको प्राविधिक सहयोग लिन सक्नेछ।

(५) स्थानीय तहमा कार्यरत मनोसामाजिक परामर्शकर्ताको क्षमता विकास, अनुगमन र सहजीकरण लगायतका अन्य आवश्यक कार्यका लागि प्रदेश स्वास्थ्य निर्देशनालयमार्फत मनोविद् नियुक्त गरी सम्बन्धित शाखा मातहत परिचालन गरिनेछ।

(६) उपदफा (५) बमोजिम मनोविद्को क्षमता विकासका लागि कार्यक्रम सहयोग एकाइले प्रदेश स्वास्थ्य निर्देशनालयसँगको समन्वयमा आवश्यक कार्य तथा सहयोग गर्नेछ।

(७) महामारी, बिपद, प्रकोप आदिका कारण मनोसामाजिक समस्यामा परेका व्यक्तिहरूलाई स्थानीय तहसँगको समन्वयमा सेवा प्रदान गर्न सकिनेछ।

(९) दफा १७ को उपदफा (३) बमोजिम विषय विज्ञ संस्थाले प्रदेशको स्वास्थ्य विषयक्षेत्र हेर्ने मन्त्रालय तथा प्रदेश स्वास्थ्य निर्देशनालयलाई कार्यक्रम अन्तर्गत परिचालन हुने मनोविद्को छनौट, क्षमता अभिवृद्धि, तालिम सञ्चालन सम्बन्धी निर्देशिका, कार्यविधि, मापदण्ड तथा आवश्यक सामग्री तयार गर्न सहयोग गर्नेछ।

(१०) उपदफा दफा १७ को उपदफा (३) बमोजिमको संस्थाले गुणस्तरीय मनोसामाजिक सेवाको लागि संघ, प्रदेश र स्थानीय तहका सरोकारवाला निकायहरूसँग नीति निर्माण, योजना तर्जुमा र अनुगमन तथा मूल्याङ्कनको लागि समन्वय र सहजीकरण गरिनेछ।

२२. <u>न्यायमा पहुँच</u> : (१) वैदेशिक रोजगारीको क्रममा समस्या तथा ठगीमा परेका व्यक्तिहरूको न्याँयमा पहुँचका लागि आप्रवासी स्रोत केन्द्र तथा उपकेन्द्रले आवश्यक सूचना तथा परामर्श प्रदान गर्नुको साथै सम्बन्धित निकायसँग समन्वय, सहजीकरण र सहयोग गरिनेछ।

(२) आप्रवासी स्रोत केन्द्र/उपकेन्द्रमा आएका सेवाग्राही तथा सेवाप्रवाहको अभिलेख राखिनेछ। साथै, आवश्यक प्रमाण तथा कागजात जुटाउन तथा कानूनी प्रक्रियागत विषयमा सहयोग गरिनेछ।

(३) विषयगत विज्ञ संस्थामार्फत गन्तव्य मुलुकस्थित नेपाली कूटनीतिक नियोग र सम्बन्धित निकाय/पक्षहरूसँग आवश्यक समन्वय र सहजीकरण गरी समस्यामा परेका नेपाली कामदारलाई कानूनी सहायता (Paralegal Support) उपलब्ध गराइनेछ।

(४) आप्रवासी स्रोत केन्द्र, जिल्ला प्रहरी कार्यालय र जिल्ला प्रशासन कार्यालयको सम्बन्धित कर्मचारीको क्षमता विकास गरी वैदेशिक रोगजारी सम्बन्धी उजुरी मेलमिलाप, व्यवस्थापन तथा सिफारिस सम्बन्धी सेवालाई प्रभावकारी बनाइनेछ।

नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय सिंहदरबार, काठमाडौं

सहसचिव

(५) वैदेशिक रोजगारी सम्बन्धी ठगीका उजुरीहरुलाई जिल्ला तहमा मेलमिलाप गर्न र संस्थागत उजुरीहरुलाई वैदेशिक रोजगार विभागमा सिफारिस गर्ने कार्यलाई प्रभावकारी बनाइनेछ।

(६) राहत, उद्धार तथा स्वदेश फिर्ती सम्बन्धमा आप्रवासी स्रोत केन्द्र/उपकेन्द्र र रोजगार सेवा केन्द्रसँग समन्वय र सहयोग गरिनेछ।

२३. <u>सीप विकास तालिम</u> : (१) वैदेशिक रोजगारीमा जाने निर्णय गरेका व्यक्तिलाई लक्षित गरी कम्तिमा वार्षिक पाँच हजार जनालाई राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठानमार्फत सीप विकास तालिम सञ्चालन गर्न कार्यक्रमले प्राविधिक सहयोग उपलब्ध गराउनेछ।

(२) राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठानलाई सीपमूलक तालिम सम्बन्धी पाठ्यक्रम विकास, सीप परीक्षण तथा प्रमाणीकरणको लागि प्राविधिक सहयोग र अन्तर्राष्ट्रिय श्रम बजारका रोजगारदाता र तालिम प्रशिक्षार्थीबीच रोजगार आवद्धता (Job Linkage) का लागि सहयोग गरिनेछ।

(३) सीपको अन्तर्राष्ट्रिय प्रमाणीकरण गर्ने सम्बन्धित निकायसँग समन्वय तथा सहकार्य गरी सीपको अन्तर्राष्ट्रिय प्रमाणीकरण सहितको तालिम सञ्चालन गरिनेछ।

२४. <u>वित्तीय साक्षरता</u> : (१) वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषणको उचित व्यवस्थापन तथा उत्पादनमूलक क्षेत्रमा उपयोग गर्न लक्षित समूहलाई वित्तीय साक्षरता कक्षा तथा तालिम सञ्चालन गरिनेछ।

(२) उपदफा (१) बमोजिमको वित्तीय साक्षरता कक्षा सञ्चालन गर्नका लागि फरक-फरक मोड्युल तथा पाठ्यक्रम विकास गरी स्थानीय तहले समुदायस्तरका विभिन्न समुदायलाई लक्षित गरी कक्षा सञ्चालन गर्न सक्नेछ।

(३) प्रदेश सरकारको वित्तीय साक्षरता सम्बन्धी विषयक्षेत्र हेर्ने मन्त्रालय तथा निकायले वित्तीय साक्षरता सहजकर्ताको क्षमता विकासको लागि आवश्यक तालिमका साथै वित्तीय साक्षरता कक्षाका सहभागीका लागि आवश्यक पाठ्यसामग्री छपाई तथा व्यवस्थापन गर्न सक्नेछ।

(४) स्थानीय तहले पनि ती वित्तीय साक्षरता सहजकर्ताको क्षमता अभिवृद्धिको लागि सम्बन्धित निकायहरूसँगको समन्वय र सहकार्यमा तालिम तथा कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

(५) वित्तीय साक्षरता मोड्युल तथा पाठ्यक्रम र कक्षा सञ्चालनको लागि आवश्यक सामग्री स्थानीय तहले आफ्नै स्रोतबाट छपाई तथा वितरण गर्नुपर्नेछ।

(६) वित्तीय साक्षरता कक्षा सञ्चालनका लागि स्थानीय तहले कम्तिमा १ जना वित्तीय साक्षरता सहजकर्ता नियुक्ति तथा व्यवस्थापन गरी परिचालन गर्नेछ।

(७) प्रदेश कार्यक्रम संयोजक र जिल्ला कार्यक्रम संयोजकले वित्तीय साक्षरता सहजकर्ताको क्षमता विकास, समन्वय, सहजीकरण, अनुगमन र पृष्ठपोषण प्रदान गर्नेछ।

नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय सिंहदरबार, काठमाडौं

सहसचिव

## परिच्छेद-६

## <u>वित्तीय व्यवस्थापन प्रणाली</u>

२५. <u>कार्यक्रमको कूल बजेट</u> : (१) कार्यक्रम (चौथो चरण) को कूल बजेट करिब ५ अर्ब ५५ करोड नेपाली रुपैयाँ हुनेछ। कूल बजेट मध्ये ११.३४ मिलियन स्वीस फ्र्यान्क (करिब १ अर्ब ६४ करोड रुपैयाँ) स्वीस सरकारले र करिब ३ अर्ब ९१ करोड रुपैयाँ नेपाल सरकारले उपलब्ध गराउनेछ।

(२) मन्त्रालयले कार्यक्रम सञ्चालन भएका प्रदेश सरकार र स्थानीय तहहरूमा "अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४" को दफा ९ उपदफा (२) बमोजिम कार्यक्रम सञ्चालन तथा व्यवस्थापनका लागि सशर्त अनुदानको रूपमा नेपाल सरकारको मन्त्रालयगत बजेट सूचना प्रणाली (LMBIS) मार्फत बजेट उपलब्ध गराउनेछ।

(३) प्रादेशिक मन्त्रालयले कार्यक्रम सञ्चालन भएका स्थानीय तहहरूमा "अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४" को दफा ९ उपदफा (२) बमोजिम कार्यक्रम सञ्चालन तथा व्यवस्थापनका लागि सशर्त अनुदानको रूपमा प्रदेश सरकारको मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS) मार्फत बजेट उपलब्ध गराउन सक्नेछ।

(४) प्रदेश सरकारको सम्बन्धित मन्त्रालय र स्थानीय तहले कार्यक्रम सञ्चालन तथा व्यवस्थापनको लागि लागत साझेदारी गर्नेछ।

(५) कार्यक्रम सहयोग एकाइले कार्यक्रम दस्तावेज र स्वीकृत वार्षिक कार्ययोजना (YPO) मा उल्लेख भएबमोजिम कार्यक्रम सञ्चालन गर्नेछ।

(६) स्वीकृत वार्षिक कार्यक्रम तथा बजेट नगद अनुदानतर्फको रकम खर्च गर्दा नेपाल सरकारको प्रचलित ऐन, कानुन, नियमावली, निर्देशिका र मार्गदर्शन बमोजिम हुनेछ। साथै, खर्च गर्ने निकायले समग्र वित्तीय अनुशासन कायम गर्ने, कार्यक्रमको लक्ष्य प्राप्त हुने गरी प्रचलित आर्थिक कानून अनुसार खर्च लेखाङ्कन गर्ने र सो को लेखापरीक्षण गर्नु गराउनु पर्नेछ।

(७) हेल्भेटास नेपाल (कार्यक्रम सहयोग एकाइ) लाई स्वीस सरकार विकास सहयोग एसडीसीले उपलब्ध गराउने सोझै भुक्तानी रकमको खर्च प्रक्रिया, विधि, प्रतिवेदन र लेखापरीक्षण नेपाल सरकार र स्वीस सरकारबीच भएको द्विपक्षीय सम्झौता बमोजिम हुनेछ।

(८) कार्यक्रमको द्विपक्षीय सम्झौता तथा दस्तावेजमा उल्लेख भए बमोजिम स्वीस सरकार विकास सहयोग एसडीसीले कार्यक्रम सञ्चालन तथा व्यवस्थापनको लागि प्राविधिक सहयोग उपलब्ध गराउने संस्था हेल्भेटासमार्फत मन्त्रालयगत बजेट सूचना प्रणाली (LMBIS) तथा वार्षिक कार्ययोजना (YPO) बमोजिमको रकम नेपाल सरकारको कोषमा उपलब्ध गराउनेछ।

(९) कार्यक्रम सञ्चलन गर्नको लागि अनुसूची- २ मा उल्लेख भएको बजेट प्रवाह चार्ट (Fund Flow Chart) बमोजिम बजेट व्यवस्थापन तथा प्रवाह हुनेछ।

२६. **लेखापरीक्षण सम्बन्धी व्यवस्था :** (१) कार्यक्रमको लक्ष्य तथा वार्षिक कार्ययोजना अनुसार कार्यक्रम सञ्चालनको लागि प्रवाह भएको बजेटको आय र व्ययको लेखा परीक्षण नेपाल सरकारको प्रचलित कानून बमोजिम हुनेछ।

(२) कार्यक्रम सञ्चालनको लागि संघ, प्रदेश र स्थानीय तहको सम्बन्धित निकायमा नगद अनुदानको रूपमा विनोयोजन भएको बजेटको आय र व्ययको लेखापरीक्षण नेपाल सरकारको प्रचलित कानून अनुसार महालेखा परीक्षकको कार्यालयबाट हुनेछ।

(३) प्राविधिक सहयोगको लागि निकासा भएको सोझै भुक्तानी अनुदान रकमको आय र व्ययको लेखा परीक्षणको लागि नेपाल सरकार र स्वीस सरकारबीच भएको द्विपक्षीय सम्झौतामा व्यवस्था भए बमोजिमको लेखा परीक्षकबाट हुनेछ।

(४) प्रदेश सरकारको सम्बन्धित मन्त्रालय र स्थानीय तहले कार्यक्रमको लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपी पत्रसहित मन्त्रालयमा पेश गर्नु पर्नेछ।

(५) कार्यक्रम सहयोग एकाइले उपदफा (३) बमोजिम सम्पन्न भएको लेखापरीक्षण प्रतिवेदन पत्र सहित मन्त्रालयमा पेश गर्नु पर्नेछ।

(६) उपदफा (२) र (३) मा भएको लेखापरीक्षणको क्रममा लेखा परीक्षकले उठान गरेको विषयवस्तुको जवाफ तथा बेरूजु फछ्यौंट गर्ने जिम्मेवारी सम्बन्धित खर्च गर्ने निकायको हुनेछ।

## परिच्छेद-७

## कर्मचारी परिचालन तथा व्यवस्थापन सम्बन्धी व्यवस्था

२७. **कर्मचारी परिचालन तथा व्यवस्थापन:** (१) कार्यक्रम सञ्चालन तथा व्यवस्थापनको लागि संघ, प्रदेश र स्थानीय तहबीचको सहकार्य तथा लागत साझेदारीमा कर्मचारी परिचालन गरिनेछ।

(२) प्राविधिक सहयोगको लागि स्वीस सरकार विकास सहयोग एसडीसीतर्फको स्रोत व्यवस्थापनमा दफा (१७) बमोजिम कार्यक्रम सहयोग एकाइ, संघ र प्रदेशस्थित सम्बन्धित सरकारी निकायहरूमा कर्मचारी परिचालन गरिनेछ।

(३) मन्त्रालय, वैदेशिक रोजगार बोर्ड, प्रदेश सरकारको श्रम तथा रोजगार विषयक्षेत्र हेर्ने मन्त्रालय, प्रदेश सरकारको स्वास्थ विषयक्षेत्र हेर्ने मन्त्रालय/प्रदेश स्वास्थ्य निर्देशनालय र स्थानीय तहको सहकार्य तथा लागत साझेदारीमा अनुसूची-३ बमोजिम कर्मचारी परिचालन तथा व्यवस्थापन गरिनेछ।

(४) उपदफा (३) बमोजिमको कर्मचारीको छनौट तथा नियुक्तिको न्यूनतम योग्यता तथा अनुभव अनुसूची- ४ बमोजिम हुनेछ। साथै, कर्मचारीको छनौट तथा नियुक्ति प्रक्रिया सम्बन्धित निकायको प्रचलित कानून बमोजिम हुनेछ।

सहसचिव

नेपाल सरकार, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, सिंहदरबार, काठमाडौं

(५) स्वीस सरकार विकास सहयोग एसडीसीतर्फको स्रोत व्यवस्थापनमा दफा-१७ बमोजिम कार्यक्रम सहयोग एकाइ अन्तर्गत रहने कर्मचारीको परिचालन तथा व्यवस्थापन प्राविधिक सहयोग उपलब्ध गराउने संस्था हेल्भेटास नेपालको नीति तथा नियम अनुसार हुनेछ।

(६) स्वीस सरकार विकास सहयोग एसडीसी तर्फको स्रोत व्यवस्थापनमा वैदेशिक रोजगार विभाग र वैदेशिक रोजगार न्यायाधिकरणमा रहने कर्मचारी वैदेशिक रोजगार विभागले नियुक्त गरी परिचालन गरिनेछ। त्यसैगरी वैदेशिक रोजगार बोर्ड, कन्सुलर सेवा विभाग र प्रदेशस्तरमा रहने कर्मचारी वैदेशिक रोजगार बोर्डले नियुक्त गरी परिचालन गरिनेछ।

(७) स्वीस सरकार विकास सहयोग एसडीसी तर्फको स्रोत व्यवस्थापनमा प्रादेशिक तहमा प्रदेश सरकारको श्रम तथा रोजगार विषयक्षेत्र हेर्ने मन्त्रालय र प्रदेश स्वास्थ्य निर्देशनालयले आवश्यक कर्मचारी नियुक्त गरी परिचालन गरिनेछ।

(८) उपदफा (५), (६) र (७) अन्तर्गतका कर्मचारीहरूको परिचालन तथा व्यवस्थापन अनुसूची-५ बमोजिम हुनेछ।

(९) दफा (१८) उपदफा (५) को खण्ड (ख) र (ग) बमोजिम परिचालन हुने आप्रवासी स्रोत केन्द्र परामर्शकर्ताको हकमा प्रदेश सरकारको श्रम तथा रोजगार विषयक्षेत्र हेर्ने मन्त्रालयले आप्रवासी स्रोत केन्द्र/उपकेन्द्र रहने स्थानीय तहलाई नियमानुसार बजेट उपलब्ध गराउन सक्नेछ र तत् तत् स्थानीय तहले परामर्शकर्ताको नियुक्ति तथा परिचालन गर्नेछ वा मन्त्रालय आफैले कर्मचारी नियुक्ति गरी स्थानीय तहसँगको समन्वयमा परिचालन गर्न सक्नेछ।

(१०) उपदफा (१) र (२) बमोजिमको जनशक्ति सम्बन्धित निकाय तथा एकाइले आवश्यकता तथा स्रोत उपलब्धताको आधारमा थप गर्न सक्नेछ।

## परिच्छेद-८

## अनुगमन तथा मूल्याङ्कन सम्बन्धी व्यवस्था

२८. **अनुगमन तथा मूल्याङ्कन सम्बन्धी व्यवस्थाः** (१) कार्यक्रमको लक्ष्य तथा वार्षिक कार्ययोजना अनुसार कार्यक्रम कार्यान्वयन भए नभएको सम्बन्धमा मन्त्रालयले कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने गराउने छ। साथै, मन्त्रालयले अन्य सम्बद्ध निकायको समेत संलग्नता हुने गरी संयुक्त रूपमा अनुगमन तथा मूल्याङ्कन गर्न सक्नेछ।

(२) कार्यक्रम निर्देशक समिति/कार्यक्रम समन्वय तथा कार्यान्वयन समितिले कार्यक्रमको अनुगमन गरी सुधारको लागि सम्बन्धित पक्षलाई निर्देशन दिन सक्नेछ।

(३) प्रदेशको श्रम तथा रोजगार विषयक्षेत्र हेर्ने मन्त्रालयले प्रदेशभित्र सञ्चालन भएका कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने गराउनेछ। साथै, प्रदेशको स्वास्थ्य विषयक्षेत्र हेर्ने



नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय सिंहदरबार, काठमाडौं

सहसचिव

मन्त्रालय/प्रदेश स्वास्थ्य निर्देशनालयले प्रदेशभित्र सञ्चालन भएका मनोसामाजिक परामर्श सेवाको अनुगमन तथा मूल्याङ्कन गरी आवश्यक सुधार गर्ने गराउनेछ।

(४) प्रदेश कार्यक्रम समन्वय समितिले कार्यक्रमको अनुगमन गरी सुधारको लागि सम्बन्धित पक्षलाई सुझाव दिन सक्नेछ।

(५) स्थानीय तहको अनुगमन तथा मूल्याङ्कन/सुपरिवेक्षण समिति, कार्यक्रम कार्यान्वयन समिति तथा सम्बन्धित पदाधिकारीले कार्यक्रम अन्तर्गतका क्रियाकलापहरूको नियमित अनुगमन तथा मूल्याङ्कन गरी प्रभावकारी कार्यान्वयनको लागि आवश्यक पहल तथा सुधार गर्नेछ।

(६) कार्यक्रम सहयोग एकाइले नियमित रूपमा कार्यक्रमका क्रियाकलापहरूको अनुगमन तथा मूल्याङ्कन गर्नेछ। साथै, कार्यक्रम कार्यान्वयनको प्रगति सम्बन्धी सूचना तथा तथ्यांकहरु आवधिक रूपमा संकलन गर्न सूचना व्यवस्थापन प्रणालीको विकास तथा सुदृढीकरण गर्नेछ र कार्यक्रमको समग्र प्रगति तथा तथ्यांकको विश्लेषण सहित आवधिक प्रतिवेदन तयारी गरी मन्त्रालय, स्वीस सरकार विकास सहयोग एसडीसी लगायत सम्बन्धित साझेदार निकायलाई नियमित रूपमा उपलब्ध गराउनेछ।

(७) कार्यक्रम अनुगमन तथा मूल्याङ्कनबाट आएको निष्कर्षको आधारमा कार्यक्रमको नीतिगत सुधार गर्नुपर्ने देखिएमा सम्बन्धित मन्त्रालय लगायत सम्बन्धित निकायलाई पृष्ठपोषण सहित सुझाव प्रदान गर्न सक्नेछ।

(८) कार्यक्रम अनुगमनबाट आएका सुझाव तथा निष्कर्षको आधारमा सुधारका लागि सम्बन्धित निकाय/पक्षसँग समन्वय र सहजीकरण गर्नेछ। कार्यक्रमको अनुगमन तथा मुल्याङ्कनलाई व्यवस्थित गर्न कार्यक्रम सहयोग एकाइबाट अनुगमन मार्गदर्शन (Monitoring Guideline) तयार गरी कार्यान्वयनमा ल्याईने छ।

(९) कार्यक्रम निर्देशक समितिले आवश्यक ठानेमा स्वतन्त्र विज्ञ परिचालन गरी कार्यक्रम कार्यान्वयनको अवस्था तथा प्रभावकारीता सम्बन्धमा अनुगमन तथा मूल्याङ्कन गराउन सक्नेछ। साथै, स्वीस सरकार विकास सहयोग एसडीसीले कार्यक्रम दस्तावेजमा उल्लेख भए बमोजिम राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरको स्वतन्त्र परामर्शदातामार्फत कार्यक्रमको समग्र प्रभावकारीताको बारेमा अध्ययन गराउन सक्नेछ।

## परिच्छेद-९

## प्रतिवेदन सम्बन्धी व्यवस्था

२९. **प्रदेश सरकार र स्थानीय तहले पेश गर्ने कार्यक्रम प्रतिवेदन** : (१) प्रदेशको कार्यक्रम सञ्चालन गर्ने मन्त्रालयहरू र कार्यक्रम सञ्चालन भएका स्थानीय तहहरूले कार्यक्रमको प्रगति विवरण समावेश गरी मासिक, त्रैमासिक, अर्धवार्षिक र वार्षिक प्रतिवेदन नेपाल सरकारले तोकेको ढाँचामा तयार गर्नुपर्नेछ।



नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय सिंहदरबार, काठमाडौं

सहसचिव

(२) उपदफा (१) बमोजिमको मासिक प्रतिवेदन महिना सकिएको सात दिन भित्र, त्रैमासिक प्रगति प्रतिवेदन प्रत्येक त्रैमासिक सकिएको सात दिन भित्र, अर्ध वार्षिक प्रतिवेदन प्रत्येक अर्धवार्षिक सकिएको १५ दिन भित्र र वार्षिक प्रगति प्रतिवेदन आर्थिक वर्ष सकिएको १५ दिनभित्र कार्यक्रमको सूचना व्यवस्थापन प्रणाली मार्फत मन्त्रालयमा पठाउनु पर्नेछ।

३०. **कार्यक्रम सहयोग एकाइले पेश गर्ने कार्यक्रम प्रतिवेदन** : (१) कार्यक्रम सहयोग एकाइले त्रैमासिक, अर्धवार्षिक र वार्षिक प्रगति प्रतिवेदन तयार गरी मन्त्रालय र स्वीस सरकार विकास सहयोग एसडीसीलाई तोकिए बमोजिम उपलब्ध गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रगति प्रतिवेदनलाई आवश्यकता अनुसार कार्यक्रम निर्देशक समितिमा छलफलका लागि पेश गरिनेछ।

३१. **प्रदेश सरकारको वित्तीय प्रतिवेदन** : (१) प्रदेश सरकारको श्रम तथा रोजगार विषयक्षेत्र हेर्ने मन्त्रालय र प्रदेश सरकारको स्वास्थ्य विषयक्षेत्र हेर्ने मन्त्रालय/प्रदेश स्वास्थ्य निर्देशनालयले त्रैमासिक अवधि समाप्त भएको मितिले ७ दिन भित्र म.ले.प.फा.न. २१० (खर्चको फाँटवारी) र आर्थिक वर्ष समाप्त भएको मितिले १५ दिन भित्र प्रमाणित वित्तीय विवरण म.ले.प.फा.न. २१० र २१३ तयार गरी मन्त्रालयमा सक्कल प्रति र सो को विद्युतीय प्रति पठाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको वित्तीय विवरण पठाँउदा प्रदेश लेखा नियन्त्रक कार्यालयको प्रदेश एकल कोष खाता (PTSA) सँग रूजू गरी मन्त्रालयमा पठाउनु पर्नेछ।

(३) कार्यक्रम सहयोग एकाइले उपदफा (१) बमोजिम वित्तीय प्रतिवेदन संकलनको लागि सहजीकरण गर्ने र प्राप्त प्रतिवेदनलाई एकिकृत गरी सारांश प्रतिवेदन तयार गरी कार्यक्रम निर्देशक समितिमा पेश गरिनेछ।

३२. **स्थानीय तहको वित्तीय प्रतिवेदन** : (१) कार्यक्रम अन्तर्गतको बजेट खर्चको प्रतिवेदन स्थानीय तहले त्रैमासिक अवधि समाप्त भएको मितिले सात दिन भित्र म.ले.प.फा.न. २१० (खर्चको फाँटवारी) र आर्थिक वर्ष समाप्त भएको मितिले १५ दिन भित्र प्रमाणित वित्तीय विवरण म.ले.प.फा.न. २१० र २१३ तयार गरी मन्त्रालयमा सक्कल प्रति र सो को विद्युतीय प्रति पठाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको वित्तीय विवरण पठाउँदा सुत्र प्रणाली (SuTRA Software) सँग रूजू गरी मन्त्रालयमा पठाउनु पर्नेछ।

३३. **कार्यक्रम सहयोग एकाइको वित्तीय प्रतिवेदन** : (१) कार्यक्रम सहयोग एकाइ मार्फत भएको खर्चको विवरण मासिक रूपमा मन्त्रालयमा पेश गर्नु पर्नेछ। अर्धवार्षिक र वार्षिक रूपमा वित्तीय प्रतिवेदन हेल्भटास नेपाल मार्फत स्वीस सरकार विकास सहयोग एसडीसीमा समेत पेश गरिनेछ।

नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय सिंहदरबार, काठमाडौं

सहसचिव

## परिच्छेद-१०

## विविध

३४. **वार्षिक कार्ययोजना (Yearly Plan of Operation)** : (१) संघ, प्रदेश र स्थानीय तहका कार्यक्रम साझेदार निकायहरूसँग छलफल तथा प्रदेशगत योजना तथा कार्यक्रमलाई समेटी तयार गरेको वार्षिक कार्ययोजना (YPO) दफा ११ बमोजिमको कार्यक्रम निर्देशक समितिबाट स्वीकृत गराई कार्यान्वयन गरिनेछ।

३५. **कार्यक्रम विस्तार, सुदृढीकरण तथा संस्थागत** : संघ, प्रदेश, स्थानीय तह, विकास साझेदार संस्था तथा सम्बन्धित निकायको समन्वय तथा लागत साझेदारीमा कार्यक्रमको विस्तार, सुदृढीकरण र संस्थागत गर्दै लगिनेछ।

३६. **लैङ्गिक समानता र सामाजिक समावेशीकरण** : कार्यक्रम अन्तर्गतका क्रियाकलाप सञ्चालन तथा सेवा प्रवाह गर्दा लैङ्गिक समानता र सामाजिक समावेशीकरणको सिद्वान्तलाई अवलम्बन गरिनेछ।

३७. **बाधा अड्काउ फुकाउने अधिकार** : यस मार्गदर्शनको कार्यान्वयनमा कुनै समस्या वा द्विविधा उत्पन्न भएमा कार्यक्रमको मूल दस्तावेज र प्रचलित कानूनको अधिनमा रही बाधा अड्चन फुकाउने अधिकार कार्यक्रम निर्देशक समितिमा हुनेछ।

३८. **खारेजी र बचाउ** : (१) कार्यक्रम निर्देशक समितिले आवश्यकता अनुसार यो कार्यविधि संशोधन वा खारेजी गर्न सक्नेछ।

(२) "सुरक्षित आप्रवासन कार्यक्रम कार्यान्वयन मार्गदर्शन, २०७९" खारेज गरिएको छ। सो कार्यविधि बमोजिम भएका कार्यहरू यसै मार्गदर्शन बमोजिम भएको मानिनेछ।

नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय सिंहदरबार, काठमाडौं

सहसचिव

## अनुसूची-१

### (दफा २० को उपदफा (२) खण्ड (घ) सँग सम्बन्धित)

### आप्रवासी स्रोत केन्द्र तथा उपकेन्द्र सञ्चालनका लागि न्यूनतम आवश्यकता तथा पूर्वाधारहरू

(क) आप्रबारी स्रोत केन्द्र सञ्चालनका लागि आधारभूत मापदण्ड तथा न्यूनतम पूर्वाधार

| आवश्यकता | न्यूनतम पूर्वाधारहरु |
|---|---|
| आप्रवासी स्रोत केन्द्र अवस्थिति | आप्रवासी स्रोत केन्द्र, जिल्ला प्रशासन कार्यालयको हाताभित्र हुनुपर्ने। |
| आप्रवासी स्रोत केन्द्रको कोठा | कम्तीमा १२ x १० फुट साइजका २ कोठा (एक कोठा नियमित तथा आवश्यकता अनुसार समूह परामर्शको लागि र दोस्रो कोठा संवेदनशील तथा गोपनियता कायम गर्नुपर्ने मुद्दामा परामर्श, सहयोग तथा सहजिकरण र महिला सेवाग्राहीलाई संवेदनशील परामर्श प्रदान गर्न) भएको हुनुपर्दछ। |
| परामर्श दिने कार्यका लागि न्यूनतम जनशक्ति | २ जना परामर्शकर्ता मध्ये १ जना महिला अनिवार्य हुने।<br>स्थानीय प्रचलित भाषा जानेकोलाई प्राथमिकता दिइने। |
| न्यूनतम उपकरणहरू | कम्प्युटर २, प्रिन्टर १, फोटोकपी मेसिन १, स्क्यानर १, प्रोजेक्टर/टेलिभिजन १, स्पिकर, इन्टरनेट सुविधा, दराज, खानेपानी, सूचना बोर्ड, ल्याण्डलाइन टेलिफोन, अफिस टेबल ३ र कुर्ची २० थान आदि। |

(ख) आप्रवासी स्रोत उपकेन्द्र सञ्चालनका लागि आधारभूत मापदण्ड तथा न्यूनतम पूर्वाधार

| आवश्यकता | न्यूनतम पूर्वाधार |
|---|---|
| आप्रवासी स्रोत उपकेन्द्र अवस्थिति र पहुँच | आप्रवासी स्रोत उपकेन्द्र, इलाका प्रशासन कार्यालयको हाताभित्र हुनुपर्ने। |
| आप्रवासी स्रोत उपकेन्द्रको आकार र कोठाहरू | कम्तीमा एउटा कोठा हुनुपर्ने। |
| परामर्श दिने कार्यका लागि न्यूनतम जनशक्ति | कम्तिमा १ जना परामर्शकर्ता (महिला तथा स्थानीय प्रचलित भाषा जानेकोलाई प्राथमिकता दिइने)। |
| न्यूनतम उपकरणहरू | कम्प्युटर १, स्क्यानर १, इन्टरनेट सुविधा, ल्याण्डलाइन टेलिफोन, अफिस टेबल १, अफिस कुर्ची १, सूचना बोर्ड र सेवाग्राहीको लागि कुर्ची १० थान आदि तथा आवश्यकता अनुसार थप उपकरण राख्न सकिने। |


नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं

सहसचिव

अनुसूची-२

(दफा २५ को उपदफा (९) सँग सम्बन्धित)

<u>कार्यक्रमको कोष/बजेट प्रवाह चार्ट</u>




नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं

अनुसूची-३

(दफा २७ को उपदफा (३) सँग सम्बन्धित)

## कार्यक्रम सञ्चालन तथा व्यवस्थापनको लागि संघ, प्रदेश र स्थानीय तहको सहकार्य तथा लागत साझेदारीमा कर्मचारी परिचालन तथा व्यवस्थापन खाका

| कर्मचारीको पद तथा तह | कर्मचारी नियुक्ति तथा परिचालन गर्ने निकाय | बजेट व्यवस्थापन जिम्मेवारी निकाय | कैफियत |
|---|---|---|---|
| जिल्ला कार्यक्रम संयोजक (अधिकृत छैटौं तह सरह) | जिल्लास्थित आप्रवासी स्रोत केन्द्र रहने स्थानीय तह | संघ सरकारको श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | - जिल्ला भित्रका स्थानीय तहमा कार्यक्रम अन्तर्गतका क्रियाकलापहरू सञ्चालनको लागि समन्वय तथा संयोजन गर्ने |
| आप्रवासी स्रोत केन्द्र परामर्शकर्ता<br>(पाँचौ तह सरह) | आप्रवासी स्रोत केन्द्र तथा स्रोत उपकेन्द्र रहने स्थानीय तह<br><br>प्रदेश सरकारको श्रम तथा रोजगार कार्यक्षेत्र भएको मन्त्रालयले बजेट व्यवस्थापन गर्ने हकमा मन्त्रालयले आप्रवासी स्रोत केन्द्र/उपकेन्द्र रहने स्थानीय तहसँगको सहकार्यमा कर्मचारी नियुक्ति गरी परिचालन गर्न वा ती स्थानीय तहलाई बजेट उपलब्ध गराई तत् तत् स्थानीय तहले कर्मचारी नियुक्ति गरी परिचालन गर्न सक्नेछ | संघ सरकारको श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | - १ जना परामर्शकर्ताको तलव तथा सुविधा, फिल्ड भ्रमण खर्च र स्रोतकेन्द्र सञ्चालन खर्च<br>- ठगी, समस्या तथा उजुरी व्यवस्थापनको लागि सम्बन्धित निकायहरूसँग समन्वय, सहजीकरण र प्रक्रियागत सहयोगमा केन्द्रित हुने<br>- कानून विषयको शैक्षिक योग्यता भएकालाई प्राथमिकता दिइने |
| | | प्रदेश सरकारको श्रम तथा रोजगार विषयक्षेत्र हेर्ने मन्त्रालय | - आप्रवासी स्रोत केन्द्रको हकमा १ जना परामर्शकर्ताको तलव तथा सुविधा<br>- आप्रवासी स्रोत उपकेन्द्रको हकमा १ जना परामर्शकर्ताको तलव तथा सुविधा, फिल्ड भ्रमण खर्च र उपकेन्द्र सञ्चालन खर्च<br>- सूचना तथा परामर्श, सेवाग्राहीको तथ्याङ्क अभिलेखीकरण कार्यमा केन्द्रित हुने |



नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय सिंहदरबार, काठमाडौं

सहसचिव

| | | | |
|---|---|---|---|
| मनोसामाजिक परामर्शकर्ता (पाँचौ तह सरह) | सम्बन्धित स्थानीय तह | - संघ सरकारको श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | - ५०% तलव तथा सुविधा र १००% फिल्ड भ्रमण खर्च |
| | | - स्थानीय तह | - ५०% तलव तथा सुविधा |
| वित्तीय साक्षरता सहजकर्ता (पाँचौ तह सरह) | सम्बन्धित स्थानीय तह | - संघ सरकारको श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | - ५०% तलव तथा सुविधा र १००% वत्तीय साक्षरता कक्षा सञ्चालन खर्छ |
| | | - स्थानीय तह | - ५०% तलव तथा सुविधा |
| कार्यक्रम अधिकृत | वैदेशिक रोजगार बोर्डको सचिवालयले नियुक्ति गरी सम्बन्धित प्रदेशको श्रम तथा रोजगार कार्यक्षेत्र भएको मन्त्रालयले परिचालन गर्ने | - वैदेशिक रोजगार बोर्डको सचिवालय | - ७ जना कार्यक्रम अधिकृतको तलव तथा सुविधा र फिल्ड भ्रमण खर्च (Top up तलव कार्यक्रम सहयोग एकाइबाट उपलब्ध हुने) |
| रिटर्नी स्वयंसेवक | सम्बन्धित स्थानीय तह | स्थानीय तह | - जिवन निर्वाह भत्ता/तलव तथा सुविधा र फिल्ड भ्रमण खर्च |

नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय सिंहदरबार, काठमाडौं

सहसचिव

अनुसूची-४

(दफा २७ को उपदफा (४) सँग सम्बन्धित)

<u>कर्मचारीको छनौट तथा नियुक्तिको लागि न्यूनतम योग्यता तथा अनुभव</u>

| क. सं. | पद | योग्यता तथा अनुभव |
|---|---|---|
| १ | प्रदेश कार्यक्रम संयोजक<br>(अधिकृत सातौं तह सरह) | - मानविकी तथा सामाजिक संकाय, व्यवस्थापन, कानुन वा सम्बन्धित अन्य विषयमा कम्तीमा स्नाकोत्तर तह उत्तीर्ण भएको, अधिकृतस्तर वा सो भन्दा माथिल्लो तहमा ५ वर्षको कार्य अनुभव भएको।<br>- स्थानीय तथा प्रदेश सरकारसँग निकटतम् समन्वय र सहकार्यमा सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेको, क्षमता विकास तथा प्रशिक्षण क्रियाकलाप सञ्चालन गरेको लाई प्राथमिकता दिईनेछ।<br>- कम्प्युटर सम्बन्धी ज्ञानका साथै Ms Office (Word, Excel, Powerpoint, Outlook, Email, Internet, KOBO Tool) सहजरूपमा चलाउन सक्ने र नेपाली र अंग्रेजी दुवै भाषामा टाइप गर्न सक्ने क्षमता भएको।<br>- नेपाली र अङ्ग्रेजी दुवै भाषामा बोल्न तथा प्रतिवेदन तयार गर्न सक्ने। |
| २ | जिल्ला कार्यक्रम संयोजक<br>(अधिकृत छैटौं तह सरह) | - मानविकी तथा सामाजिक संकाय, व्यवस्थापन, कानुन वा सम्बन्धित अन्य विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण भएको, कार्यक्रम व्यवस्थापन तथा संचालनमा ५ वर्षको कार्यानुभव भएको कम्तीमा २ बर्ष अधिकृतस्तरमा रहि कार्य गरेको अनुभव भएको।<br>- स्थानीय तथा प्रदेश सरकारसँग निकटतम् समन्वय र सहकार्यमा सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिईनेछ।<br>- कम्प्युटर सम्बन्धी ज्ञानका साथै Ms Office (Word, Excel, Powerpoint, Outlook, Email, Internet, KOBO Tool) सहजरूपमा चलाउन सक्ने र नेपाली र अंग्रेजी दुवै भाषामा टाइप गर्न सक्ने क्षमता भएको।<br>- नेपाली र अङ्ग्रेजी दुवै भाषामा बोल्न तथा प्रतिवेदन तयार गर्न सक्ने। |
| ३ | मनोविद्<br>(अधिकृत सातौं तह सरह) | - मान्यता प्राप्त विश्वविद्यालयबाट मनोविज्ञान (क्लिनिकल साइकोलोजी मेजर, काउन्सेलिङ साइकोलोजी, स्कुल साइकोलोजीमा) स्नातकोत्तर उत्तिर्ण गरी कम्तिमा दुई वर्ष सम्बन्धित क्षेत्रमा काम गरेको अनुभव भएको, मनोसामाजिक परामर्शकर्ताहरुलाई सुपरभाइज गरेको र राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रले तयार पारेको मनोसामाजिक परामर्श तालिमको प्रशिक्षक प्रशिक्षण (TOT) तालिम लाई प्राथमिकता दिईने छ वा पोष्ट ग्राजुएट डिप्लोमा इन् काउन्सेलिङ उत्तीर्ण गरी मनोसामाजिक परामर्शकर्ताहरुको सुपरभाइजर भएर कम्तीमा तीनवर्ष काम गरेको अनुभव भएको र राष्ट्रिय स्वास्थ्य तालिम |



नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं

सहसचिव

| | | |
|---|---|---|
| | | केन्द्रले तयार पारेको मनोसामाजिक परामर्श तालिमको प्रशिक्षक प्रशिक्षण (TOT) तालिम लिएको हुनुपर्ने छ।<br>- राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रको मोड्युल अनुसार ६ महिने मनोसामाजिक परामर्शको तालिम संचालन गरेको लाई प्राथमिकता दिईने छ।<br>- स्थानीय तथा प्रदेश सरकारसँग निकटतम् समन्वय र सहकार्यमा काम गरेकोलाई प्राथमिकता दिईनेछ।<br>- कम्प्युटर सम्बन्धी ज्ञानका साथै Ms Office (Word, Excel, Powerpoint, Outlook, Email, Internet, KOBO Tool) सहजरूपमा चलाउन सक्ने र नेपाली र अंग्रेजी दुवै भाषामा टाइपगर्न सक्ने क्षमता भएको।<br>- नेपाली र अङ्ग्रेजी दुवै भाषामा बोल्न तथा प्रतिवेदन तयार गर्न सक्ने। |
| ४ | आप्रवासी स्रोत केन्द्र परामर्शकर्ता<br>(पाचौं तह सरह) | - न्यूनतम प्रवीणता प्रमाणपत्र तह वा १०+२ उत्तिर्ण गरी परामर्श कार्य वा सामाजिक परिचालनमा कम्तीमा ३ वर्षको कार्यानुभव भएको।<br>- स्थानीय भाषा जानेको सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेको र कानून विषयको शैक्षिक योग्यता भएकालाई विशेष प्राथमिकता दिईनेछ।<br>- कम्प्यूटर सम्बन्धी आधारभूत ज्ञान तथा अनुभव (Word, Excel, power point, Email/ internet आदि भएको) नेपाली भाषामा प्रतिवेदन तयार गर्न सक्ने। |
| ५ | मनोसामाजिक परामर्शकर्ता<br>(पाचौं तह सरह) | मनोसामाजिक परामर्शकर्ता छनौट गर्दा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय अन्तर्गतको राष्ट्रिय स्वास्थ्य तालीम केन्द्रले विकास गरेको तथा स्वास्थ्य मन्त्रालयले स्वीकृत गरेको तालीम पाठ्यक्रमले तोकेको योग्यता भएको हुनु पर्नेछ। सो योग्यता निम्मानुसार रहेको छः<br>- मान्यताप्राप्त शैक्षिक संस्थाबाट हेल्थ असिस्टेन्ट वा स्टाफ नर्स वा मान्यता प्राप्त विश्वद्यालयबाट पब्लिक हेल्थ/नर्सिङ्ग/मनोविज्ञान/समाजशास्त्र/सोसिएल वर्कमा स्नातक तह/स्वास्थ्य शिक्षा विषयमा स्नातक तह उत्तीर्ण गरेको वा पोष्ट ग्राजुएट डिप्लोमा इन काउन्सेलिङ उत्तीर्ण गरेको।<br>- मनोसामाजिक परामर्श सम्बन्धी ६ महिने तालीम प्राप्त गरी राष्ट्रिय स्वास्थ्य तालीम केन्द्रबाट प्रमाण पत्र भएकोलाई विशेष प्राथमिकता दिईनेछ।<br>- कम्प्यूटर सम्बन्धी आधारभूत ज्ञान तथा अनुभव (Word, Excel, power point, Email/ internet आदि भएको) नेपाली भाषामा प्रतिवेदन तयार गर्न सक्ने।<br><u>SaMi कार्यक्रम अन्तर्गत कार्यरत मनोसामाजिक परामर्शकर्ताको सन्दर्भमाः</u><br>- कम्तिमा प्रवीणता प्रमाणपत्र तह वा १०+२ वा सो सरह उत्तिर्ण गरी राष्ट्रिय स्वास्थ्य तालीम केन्द्रबाट मनोसामाजिक परामर्श सम्बन्धी ६ महिने तालीम |



नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय सिंहदरबार, काठमाडौं

सहसचिव

| | | |
|---|---|---|
| | | प्राप्त गरी सो केन्द्रबाट प्रमाण पत्र प्राप्त गरेको र केन्द्रको तालीम सूचना व्यवस्थापन प्रणालीमा सूचिकृत भएको। |
| ६ | बित्तीय साक्षरता सहजकर्ता (पाचौं तह सरह) | - कम्तिमा प्रविणता प्रमाण पत्र तह वा बाह्र कक्षा उतिर्ण गरेको।<br>- प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदबाट मान्यता प्राप्त उद्यम बिकास सहजकर्ता सम्बन्धी डिप्लोमा कोर्ष उत्तिर्ण गरेकालाई प्राथमिकता दिइने।<br>- वित्तीय साक्षरता वा प्रौढ शिक्षा वा वयस्क साक्षरता वा अध्यापनको क्षेत्रमा कम्तिमा २ वर्षको अनुभव भएको।<br>- वित्तीय साक्षरता कक्षा सञ्चालन वा साक्षरता कक्षा सञ्चालन वा समुदायमा सामाजिक परिचालक वा सहजकर्ता भई काम गरेको।<br>- वित्तीय संस्था, सहकारी, लघुवित्त समूह, विप्रेषण, वित्तीय व्यवस्थापन सम्बन्धी ज्ञान भएको।<br>- समूह गठन, परिचालन तथा समूह सहजीकरण सम्बन्धी अनुभव भएको।<br>- सम्पर्क समन्वय, द्वन्द व्यवस्थापन, प्रतिवेदन लेखन तथा सञ्चार सम्बन्धी दक्षता भएको।<br>- तालिम, कार्यशाला, बैठक आदि व्यवस्थापन र सहजीकरण गर्न सक्ने।<br>- सम्बन्धित स्थानीय तहको सामाजिक र भौगोलिक अवस्थितीको जानकारी भएको तथा नियमित घरदैलो गर्न सक्ने र स्थानीयस्तरको भाषामा कुराकानी गर्न सक्ने।<br>- पारिवारिक व्यवस्थापन, आम्दानी, खर्च तथा रोजगारी सम्बन्धी ज्ञान तथा अनुभव भएको र सअभागीहरुलाई बुझाउन सक्ने।<br>- कम्प्यूटर सम्बन्धी आधारभूत ज्ञान तथा अनुभव (Word, Excel, power point, Email/ internet आदि भएको) नेपाली भाषामा प्रतिवेदन तयार गर्न सक्ने। वैदेशिक रोजगारीमा गई फर्किएका व्यक्तिलाई प्राथमिकता तथा वित्तीय साक्षरता सम्बन्धी अनुभव, सामाजिक सशक्तीकरणमा सहजीकरण गरेको व्यक्तिलाई प्राथमिकता दिइने। |
| ६ | रिटर्नी स्वयंसेवक | - न्यूनतम् कक्षा ८ उतिर्ण गरी वैदेशिक रोजगारी (खाडी मुलुक र मलेसिया) मा गई कम्तीमा १ वर्ष काम गरेको अनुभव भएको।<br>- सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिईनेछ। |

नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय सिंहदरबार, काठमाडौं

सहसचिव

## अनुसूची-५

(दफा २७ को उपदफा (८) सँग सम्बन्धित)

**स्वीस सरकार विकास सहयोग एसडीसी तर्फको बजेट व्यवस्थापनमा कर्मचारी परिचालन तथा व्यवस्थापन खाका**

| | | | | | |
|---|---|---|---|---|---|
| क. कार्यक्रम सहयोग एकाइमार्फत परिचालन हुने कर्मचारी | कार्यक्रम सहयोग एकाइ<br>(काठमाडौं उपत्यका) | मन्त्रालय | राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान | प्रदेशस्थित कार्यक्रम सहयोग एकाइ कार्यालय<br>(७ प्रदेश) | जिल्ला (आवश्यकता अनुसार जिल्ला तहमा कार्यक्रम सहयोग एकाइको फिल्ड कार्यालय) |
| | - १८ जना<br>(१ जना सवारी चालक, १ जना सहयोगी र ४ जना सुरक्षा गार्ड) | -२ जना | - १ जना | - १७ जना<br>(७ जना सवारी चालक र १ जना सहयोगी) | - १३ जना कार्यक्रम अधिकृत |
| ख. सरकारी निकायमार्फत परिचालन हुने कर्मचारी | वैदेशिक रोजगार विभाग | वैदेशिक रोजगार बोर्ड | | प्रदेशको श्रम तथा रोजगार विषयक्षेत्र हेर्ने मन्त्रालय | प्रदेश स्वास्थ्य निर्देशनालय |
| | - १ जना कानूनी सहायता अधिकृत (सातौं तह सरह)<br>- २ जना कानूनी सहायता अधिकृत (छैटौं तह सरह- सो मध्ये १ जना वैदेशिक रोजगार न्यायाधिकरणमा रहने)<br>- १ जना सूचना प्रविधि विज्ञ<br>- १ जना अभिलेखिकरण सहायक (कम्प्यूटर) | - २ जना उद्दार तथा स्वदेश फिर्ती सहायता अधिकृत (Rescue and Repatriation Officer)- सो मध्ये १ जना कन्सुलर सेवा विभागमा रहने | | - ७ जना प्रदेश कार्यक्रम संयोजक (प्रत्येक प्रदेशमा १/१ जना रहने) | - १४ जना मनोविद् (प्रत्येक प्रदेशमा २/२ जना रहने) |

नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय सिंहदरबार, काठमाडौं

सहसचिव